जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ३४२ • २०८१ साल बैशाख २८ गते शुक्रबार (10 May, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जलेश्वरका मेयर, उपमेयरसहित १२ जनाविरूद्ध मुद्दा

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनारसहित १२ जनाविरूद्ध भ्रष्टाचारको मुद्दा अख्तियारले दायर गरेको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा गैरकानुनी लाभ तथा हानी पुऱ्याएर भ्रष्टाचार गरेको भन्दै १२ जनाविरूद्ध मुद्दा दायर गरेको प्रवक्ता नरहरि घिमिरेले जनाएका छन्।

जलेश्वरका मेयर सोनार, उपमेयर रौशन खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल, अधिकृत छैठौ धीरेन्द्र झा, वरिष्ठ इन्जिनियर पवनकुमार झा, इन्जिनियर राकेशकुमार चौधरी, सबइन्जिनियर दिपेशकुमार साह, कार्यपालिका सदस्य सोगरा खातुन र वडा नम्बर १ का वडाध्यक्ष अनिलकुमार झाविरूद्ध अख्तियारले मुद्दा दायर गरेको छ। जलेश्वर नगरपालिकामा मेयर र उपमेयर जनता समाजवादी पार्टी (जसपा) नेपालले जितेको छ।

त्यस्तै उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवीविरूद्ध पनि मुद्दा दायर भएको छ। प्रवक्ता घिमिरेका अनुसार जलेश्वर वडा नम्बर १ स्थित हाटबजारमा गुणस्तरहीन ढलान गरी भ्रष्टाचार गरेको भन्ने उजुरी अख्तियारमा परेको थियो। विशेष अदालतमा मुद्दा दायर भएसँगै मेयर, उपमेयर लगायतका कर्मचारीहरु निलम्बनमा परेका छन्। जलेश्वर नगरबाट आर्थिक वर्ष २०७९/०८० मा बरूणसर पोखरी नजिकै रहेको बजार क्षेत्र भित्र पिपिसी ढलान गरिएको थियो। सो ढलान गर्दा योजनाको वास्तविक भए गरेको कार्यभन्दा बढी काम गरेको भनेर झुट्टा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ताको भुक्तानी बिल र अनुगमन प्रतिवेदन चेकजाँच नगरी भुक्तानीका लागि टिप्पणी पेश गरेको अख्तियारले जनाएको छ।

यसरी उनीहरूले ५ लाख ८४ हजार ६ सय ३७ रुपैयाँ भ्रष्टाचार गरेको प्रवक्ता घिमिरेले बताए। उनीहरूविरूद्ध अख्तियारले सो रकम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद र जरिवाना गर्न माग दाबी गरेको छ।

### मधेश प्रदेश सरकारमाथि ग्रहण

# सरकार ढल्दैन् :मुख्यमन्त्री यादव, केन्द्रीय निर्देशन आएको छैन् : साह

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेश सरकारमाथि ग्रहण लागेको छ। सत्ता साझेदार माओवादी केन्द्र र नेकपा एमालेले समर्थन फिर्ता लिने तयारी गरेका छन्। माओवादी केन्द्रले समर्थन फिर्ता लिने चर्चा बिहीबाार दिनभरि नै चले पनि मुख्यमन्त्री सरोज कुमार यादव र प्रदेश प्रमुखको कार्यालयले पुष्टि गरेको छैन्।

माओवादी संसदीय दलका नेता समेत रहेका बिना विभागीय मन्त्री भरत साहले 'माथिको निर्देशन' नआएको बताए। 'हामी सभासदहरु प्रायः बैठक बसिरहेका हुन्छौ' उनले भने-'तर माथिबाट समर्थन फिर्ता लिने अथवा सरकार छाड्ने निर्देशन आएको छैन्।'

केन्द्रीय निर्देशन बिना प्रदेश सरकारबारे कुनै निर्णय स्थानीय स्तरबाट नहुने उनले बताए। तर सरकारले विगतमा गरेको सहमति कार्यान्वयन नगरेको उनले आरोप लगाए।

मुख्यमन्त्री यादवले साहलाई वन तथा वातावरण मन्त्रालयको कार्यभार दिएका छन्। तर उनी हाल सम्म पदबहाली गरिसकेका छैनन्। साहले मुख्यमन्त्री अथवा नभए अर्थमन्त्रालय दिनुपर्ने अडानमा छन्।

गत माघ महिनामा उनले एमाले, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) सहितका दलहरुसित मिलेर सरकारलाई अल्पमतमा पार्ने तयारी गरेका थिए। तर त्यो सफल हुन सकेन्।

वैशाख ४ गते एमालेले कांग्रेस, जनमत र लोसपालाई पेलेर सरकारलाई विश्वासको मत लिन सघाएको थियो। तर माओवादी केन्द्र मौन रहेका थिए। यद्यपि सरकारको पक्षमा नै मतदान गरेका थिए।

उच्चस्रोतहरुका अनुसार एमाले र माओवादीले सरकारबाट समर्थन फिर्ता लिएर अल्पमतमा पार्ने रणनीति बनाएका छन्। सरकार अल्पमतमा परेपछि जसपा नेपाल मधेश प्रदेश संसदीय दल विभाजन हुने आकलन गरिएको छ।

मुख्यमन्त्री सरोज कुमार यादवले सरकारबाट माओवादी र एमालेले समर्थन फिर्ता नलिनेमा विश्वस्त देखिएका छन्। 'जसपा नेपालबाट अलग्गिएका केही मानिसहरुले मधेश प्रदेशमा सरकार ढल्ने भ्रम फैलाउन खोजेका छन्' उनले भने, तर मधेश प्रदेशमा जसपा नेपाल संसदीय दल एकजुट रहेको छ।' सोमवार मधेश प्रदेश संसदीय दलको बैठक बसेको थियो। सो बैठकले एकढिक्का रहेर पार्टीबाट अलग्गिएकाहरुलाई जवाफ दिने निर्णय गरेको संसदीय दलका सचेतक प्रमोद गुप्ताले जनाए।

एमाले संसदीय दलका नेता समेत रहेका मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादव बिहीबार



अचानक काठमाण्डु गएपछि सरकारलाई दिएको समर्थन फिर्ता लिने अड्कल तीव्र बनेको छ।

सरकारको समर्थन फिर्ता लिने विषयमा पार्टी भित्र कुनै छलफल नभएको उल्लेखगर्दै मन्त्री यादवले भने-'बाहिर चलेको हल्ला जस्तो अवस्था छैन्। सरकार सम्बन्धमा माओवादी सीत पनि औपचारिक छलफल नभएको उनले बताए।

नेकपा एकीकृत समाजवादी (एस)ले सरकारबाट नहटने बताएको छ। जसपा नेपालको नेतृत्वमा रहेको मधेश प्रदेश सरकारबाट पार्टी हटने कुनै संभावना नरहेको बताए।

पार्टीका नेता एवं पूर्व मन्त्री सत्रुधन महतोले गठबन्धनमा भएको सहमती अनुसार नै मधेश प्रदेश सरकार अगाडि बढने बताएका छन्। 'सरकार गठन भएदेखि नै नेकपा एस सरकारको साथमा रहेको छ' उनले भने-'अन्य दलले समर्थन फिर्ता लिए पनि हामी सरकार छाड्ने छैनौ।'

मधेश प्रदेश सभाको गणित अनुसार सरकारका लागि ५४ जनाको समर्थन चाहिन्छ। मधेश प्रदेशमा लोसपा संसदीय दलका नेता अभिराम शर्मा निलम्बनमा परेका छन्। एमालेका सभासद रामचन्द्र मण्डल सभामुख छन्। १ सय ७ सदस्यीय मधेश प्रदेश सभामा एमालेको सभामुख सहित २५ जना, नेपाली कांग्रेसको २३ जना, जसपाको १९ जना, जनमतको १३ जना, माओवादी केन्द्रको ९ जना, लोसपाको ९ जना, नेकपा एसको ७ जना रहेका छन्। संघीय समाजवादी पार्टीको १ र नागरिक उन्मुक्ति पार्टीको १ जना सांसद, राष्ट्रिय प्रजातन्त्र पार्टीको १ जना सांसद छन्। वैशाख ४ गते मुख्यमन्त्री यादवले लिएको विश्वासको मतमा एमालेको २४, जसपाको १९, माओवादीको ९ र नेकपा एसको ७ जना, नागरिक उन्मुक्तीको १ र संघीय समाजवादीको १ जनाले समर्थन गरेको थियो।

माओवादी र एमालेले सरकारबाट समर्थन फिर्ता लिए सरकार तत्काल अल्पमतमा पर्ने छ। तर कांग्रेस र लोसपाले साथ दिए सरकार ढल्ने छैन्। कांग्रेसको २२ जना र लोसपाका ८ जनाले मतदानमा भाग लिन पाउने छन्।

सरकारलाई अल्पमतमा पारेर जसपालाई विभाजन गर्ने खेलमा एमाले र माओवादी लागेको आरोप प्रदेशमा लाग्न थालेको छ। सरकार अल्पमतमा परेपछि जसपा संसदीय दलबाट ८ जना सम्म जनता समाजवादी पार्टी(जसपा)मा जाने दावी गरिएको छ। जसपाका अध्यक्ष अशोक राईले प्रदेश सभामा आधी संख्या आफ्नो पक्षमा रहेको दावी गरेका छन्।






# सगरमाथा आरोहण सुरक्षित बनाउन यस्तो छ तयारी

**काठमाण्डु** । वसन्त यामको सगरमाथा आरोहणका लागि यतिबेला जोडतोडका साथ तयारी सुरु भएको छ । सगरमाथा आरोहणको अनुमति लिएका चार सयभन्दा बढीले आरोहीले तयारी सुरु गरिसकेका छन् । पर्यटन विभागका अनुसार हालसम्म चौथो शिविरसम्मको बाटो खुलिसकेको छ भने त्यसपछिका काम पनि जोडतोडले भइरहेको छ ।

पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङका अनुसार यतिबेला चौथो शिविरसम्मको डोरी टाङ्ने काम सकिएको छ । यतिबेला चौथो शिविरसम्मका विभिन्न क्याम्पहरु आरोहीले भरिएका छन् ।

आराहणको समय नजिकिएसँगै आरोहणलाई सुरक्षित बनाउनका लागि विभागलगायतका विभिन्न कम्पनीहरुले तयारी गरिरहेका छन् । निर्देशक गुरुङले आरोहणलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि जनशक्ति परिचालन गरिसकेको बताउनुभयो । “फिल्ड कार्यालय स्थापना भइसकेको छ, अनुगमनलाई तीव्र पारिएको छ”, उहाँले भन्नुभयो, “आरोहीलाई परामर्श दिनुका साथै आवश्यक सामग्री हस्तान्तरण समेत भइसकेको छ ।”



सेभेन समिट ट्रेक प्रालिका अध्यक्ष मिङ्मा शेर्पाले सगरमाथा आरोहणलाई सुरक्षित बनाउन विभिन्न काम भइरहेको बताउनुभयो । “जलवायु परिवर्तनका कारण सगरमाथा आरोहणका दौरानमा क्षणभरमै फेरबदल भइरहने मौसमको साथ पनि अनिवार्य हुन्छ”, उहाँले भन्नुभयो, “मौसमको अवस्था अनुसार योजना बनाएर अघि बढेका छौँ ।”

शेर्पाले आफ्नो कम्पनीमार्फत कामिरिता २९औँ आरोहणका लागि आधार शिविर आइपुग्नुभएको बताउनुभयो । उहाँका अनुसार अहिले अधिकांश आरोही सगरमाथा आधार शिविर पुगेका छन् । उनीहरू आरोहण गर्ने उपयुक्त समयको प्रतीक्षामा छन् । सेभेन समिटमार्फत मात्रै ८० आरोही सगरमाथा आरोहणका लागि गएका छन् । खासगरी कामिरिताले आरोहीको पथप्रदर्शकका रूपमा सगरमाथा आरोहण गर्दै आउनुभएको छ । सगरमाथाको आधार शिविरमा सजिएका (करित १३ हजार) त्रिपाल, आरोहीको भिडभाडले सगरमाथा क्षेत्रको रौनक बढाएको छ ।

यो यामको सगरमाथा आरोहणलाई सुरक्षित र व्यवस्थित बनाउन पर्यटन विभागले विभिन्न तयारी गरिएको जनाएको छ । विभागका महानिर्देशक चक्र बहादुर बुढाले सगरमाथा आरोहणलाई सुरक्षित बनाउन ‘रेक्यू चिप’ अनिवार्य गरिएको बताउनुभयो । उक्त चिप सम्बन्धित एजेन्सीले प्रत्येक आरोहीलाई उपलब्ध गराउनुपर्नेछ । यसले कुन आरोही कहाँ र कस्तो अवस्थामा छन् भनेर जानकारी लिन सकिने विभागको विश्वास छ ।

‘इलेक्ट्रोनिक चिप’ अनिवार्य

पर्यटन विभागले सगरमाथा आरोहणलाई सुरक्षित बनाउन आरोहीहरूका लागि ‘इलेक्ट्रोनिक चिप’ अनिवार्य गरेको छ । यही यामबाट सगरमाथा आरोहीहरूका लागि चिप अनिवार्य गरिएको विभागका महानिर्देशक चक्र बहादुर बुढाले बताउनुभयो । चिपका कारण आरोहीको उद्धारमा सहज हुने भएकाले सरोकारवाला निकायसँगको छलफल र सहमतिपछि लागू गरिएको उहाँको भनाइ छ ।

उहाँका अनुसार आरोहणका क्रममा हुने दुर्घटना र हराएकाहरूको खोजी र उद्धारमा सहजीकरणका लागि चिप अनिवार्य लगाउनुपर्ने व्यवस्था गरिएको हो । यस्तो चिप सम्बन्धित एजेन्सीले उपलब्ध गराउनु पर्नेछ ।

यसका लागि आरोहीले १० देखि १५ अमेरिकी डलर तिर्नु पर्नेछ । चिप ‘पेन ड्राइभ’ आकारको हुनेछ । यसलाई आरोहीले ज्याकेटमा राख्नपर्छ । सगरमाथा आरोहण सकेर फर्किएपछि चिप सम्बन्धित एजेन्सीलाई बुझाउनुपर्नेछ ।

विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङका अनुसार ‘सर्च एन्ड रेस्क्यू’ प्रयोजनका लागि यो याममा हरेक आरोहीलाई चिप अनिवार्य गरिएको बताउनुभयो । “कतिपयले जीपीएस ट्रेकिङ भनिरहेका छन् तर यो सर्च एन्ड रेक्क्युका लागि चिप अनिवार्य गरिएको हो । अन्तर्राष्ट्रिय रुपमा सबैजसो मुलुकका आरोहीले प्रयोग गर्छन् त्यसैले यो निकै प्रभावकारी हुने अनुमान गरिएको छ”, निर्देशक गुरुङले भन्नुभयो ।

अनुगमन तथा सहजीकरण समिति

सन् २०२४ को वसन्त ऋतुमा खुम्बु क्षेत्रमा रहेका हिमालहरुमा हुने पर्वतारोहण तथा सम्पर्क अधिकृतहरुको खटनपटनलगायत अन्य सबै गतिविधिहरुको नियमन तथा सहजीकरण गर्न पर्वतारोहण अनुगमन तथा सहजीकरण समिति (खुम्बु क्षेत्र) गठन गरिएको छ । विभागका महानिर्देशक चक्र बहादुर बुढा संयोजक रहेको १० सदस्यीय समितिमा विभिन्न मन्त्रालय र नियकायका प्रतिनिधि हुनुहुन्छ ।

आधार शिविरमा ‘फिल्ड’ कार्यालय

यस वर्षको वसन्त ऋतुको आरोहणलाई व्यवस्थित बनाउन सगरमाथा आधार शिविरमा पर्यटन विभागको फिल्ड कार्यालय स्थापना गरिएको छ । विभागका अनुसार वसन्त ऋतुको आरोहण अवधिभरका लागि पर्वतारोहण अनुगमन तथा सहजीकरण समितिका सदस्य सचिव प्रमुख नापी अधिकृत खिमलाल गौतम नेतृत्वमा कार्यालय स्थापना गरी अनुगमन, रिपोर्टिङ र समन्वय गर्ने काम भइरहेको विभागले जनाएको छ ।

आरोहण अवधिभर अर्थात मे २९ तारिखसम्म यो समितिले काम गर्नेछ ।

शीघ्र उद्धारका लागि हेलिकप्टर

विगतमा उद्धारको कार्य ढिला भएको अनुभवलाई मध्यनजर गरी यसपटक चाडो उद्धारका लागि हेलिकोप्टर तयारी अवस्थामा राखिने विभागले जनाएको छ । समयमा रिपोर्टिङ नभएर विगतमा आरोहीको ज्यान जाने गरेको भन्दै यो पटकलाई सहजिकरण गर्दै उद्धार प्रयोजनका लागि छिटो प्रक्रियाबाट गर्नेगरी सम्बन्धित मन्त्रालय र निकायलाई पत्राचार गरिएको महानिर्देशक बुढाले जानकारी दिनुभयो । ड्रोन उडान व्यवस्थापनका लागि पनि सरोकारवाला मन्त्रालयमार्फत व्यवस्थापन, नियमन र अनुगमनको काम प्रभावकारी बनाइने विभागले जनाएको छ ।

चारसयभन्दा बढीले लिए आरोहणको अनुमति

पर्यटन विभागका अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि हालसम्म ४१ आरोही समूहका ७५ महिला र तीन सय ३९ पुरुष गरी कूल चार सय १४ ले अनुमति लिएका छन् । अघिल्लो वर्ष हालसम्कै सर्वाधिक चार सय ७८ आरोहीले सगरमाथा आरोहण अनुमति लिएका थिए ।

यो याममा सगरमाथासहित ३० हिमाल आरोहणका लागि एक सय १२ आरोही समूहका नौ सय ७१ जनाले अनुमति लिएका छन् । हिमाल आरोहणको अनुमतिवापत् हालसम्म रु ६७ करोड ४७ लाख १४ हजार ६१ हजार ६ सय रोयल्टी जम्मा भएको छ । सगरमाथा हिमालबाट मात्रै रु ५९ करोड २३ लाख पाँच हजार आठ सय ४९ रकम उठेको छ । वसन्त ऋतुको सगरमाथा आरोहणका लागि चौथो शिविर (साउथ कोल, ७९५० मि.) सम्म बाटो खुलेको विभागले जनाएको छ । यही मे १२ सम्म रोप फिक्सिङको काम सकिएर आरोहण सुरु हुने विभागका निर्देशक गुरुङले बताउनुभयो ।

आठ हजार हाराहारीले चढे सगरमाथा

पर्यटन विभागले प्रकाशन गरेको ‘माउन्टेनरिङ इन नेपाल, फ्याक्ट एन्ड फिगर-२०२३’ का अनुसार नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्युनिल्यान्डका सर एडमन्ड हिलारीले आरोहण सुरु गरेयता हालसम्म सात हजार छ सय २६ आरोहीले सगरमाथाको सफल आरोहण गरिसकेका छन् ।

यो सन् २०२२ सम्मको तथ्याङ्क हो । सन् २०२३ को आरोहण जोड्दा यो संख्या करिब आठ हजार पुग्छ । उक्त वर्ष सगरमाथा चढ्न चारसय ७८ जनाले अनुमति लिएका थिए ।

तीमध्ये कतिले सफल आरोहण गरे यकिन विवरण विभागसँग छैन । दुई साहसी पर्वतारोही तेन्जिङनोर्गे शेर्पा र सर एडमन्ड हिलारीले सन् १९५३ मे २९ तारिखका दिन पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो ।रासस

# वन डढेलो नियन्त्रण गर्नुपर्नेमा जोड



**काठमाण्डु** । वन क्षेत्रमा बर्सेनि लाग्ने डढेलोका कारण जैविक विविधतामा ह्रास पुगेको भन्दै नियन्त्रणका लागि सरोकारवालाले वन व्यवस्थापनमा जोड दिएका छन् ।

देशभरका सामुदायिक वन उपभोक्ताको छाता सङ्गठन सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन)ले विहिबार काठमाडौँमा आयोजना गरेको डढेलोसम्बन्धी अन्तरक्रियामा उहाँहरुले वन डढेलो नियन्त्रणका लागि वन क्षेत्रको व्यवस्थापनमा जोड दिनुभएको हो ।

वनविद् विजयराज पौडेलले पछिल्लो समय गाउँ बस्तीबाट मानिस बसाइँ सरेको वन क्षेत्रमा पातपतिङ्गर, दाउराजस्ता जैविक पदार्थ थुप्रिएका कारण वन डढेलो फैलिरहेको बताउनुभयो । “पहिलापहिला वनको पातपतिङ्गर सोरेर जैविक मल बनाइन्थ्यो, घाँस, दाउरा सङ्कलन हुन्थ्यो र वन क्षेत्र पनि सफा हुन्थ्यो”, उहाँले भन्नुभयो, “अब अहिले ती सब क्रियाकलाप नसहँदा वनमा बल्ने चिज थुप्रँदै गए र वन डढेलो फैलने खतरा भएकाले वनको व्यवस्थापनमा जोड दिनुपर्छ ।”

उहाँले डढेलो पूर्वतयारी र नियन्त्रणमा राज्यको लगानी बढाउन नसके बर्सेनि वन डढेलोको घटना बढ्दै जानेसमेत बताउनुभएको छ ।

उहाँका अनुसार राम्रो घाँस दाउरा पलाउने लोभमा पहिले-पहिले वनमा मानिसले जानाजान आगो लगाउने गरेको र अहिले भने पिकनिक जाँदा आगो बाल्ने अनि छाडेर हिँड्दा, चुरोट खाएर जङ्गलमा फाल्दा, क्याम्प फायर गर्दा तथा कुनै रिसिइबीका कारण र काठ तस्कर गरेर प्रमाण नष्ट गर्नका लागि पनि मानिसले जङ्गलमा आगो लगाउने गर्छन् ।

“वन डढेलोका कारण वन जङ्गल विनाश, जैविक विविधतामा ह्रास, वातावरणीय विनाश, बस्तीमा आगो सल्कने खतरा, वन अतिक्रमण, विकास निर्माणमा वृद्धिलगायतका असर पर्न सक्छ”, पौडेलले भन्नुभयो, “सबैको सहकार्यमा वन डढेलो नियन्त्रणलाई गम्भीरताका साथ लिन जरुरी छ ।”

उहाँले वनमा लाग्ने डढेलो ६० प्रतिशतभन्दा बढी मानवीय क्रियाकलापबाट हुने भन्दै जानाजान आगो लागाउनेलाई कडाइ कारबाही हुनुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रिय विपद् जोखिम, न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको वातावरण अधिकृत रिना चौधरीले २० मिलिमिटरसम्मको वर्षा हुँदा पनि डढेलो नियन्त्रण भने हुन नसकेको बताउनुभयो ।

नेपाल जस्तो मुलुकका लागि हेलिकप्टरलगायतका अत्याधुनिक सामग्री प्रयोगबाट डढेलो नियन्त्रण गर्न सम्भव नभएको उहाँको भनाइ छ । “पर्याप्तमात्रामा नेपालमा दमकल नहुनु, अग्नि नियन्त्रणका लागि दक्ष जनशक्तिको अभाव हुनुले पनि डढेलो नियन्त्रणमा समस्या भएको छ”, चौधरीले भन्नुभयो, “नेपालमा कति दमकल छ ? अवस्था के छ ? कर्मचारी कतिको दक्ष छन् ? यस विषयमा मूल्याङ्कन भइरहको छ, सोअनुरुप कार्यविधि बनाइनेछ ।”

यसैगरी पारिवारिक निजी वन सङ्घ नेपालका अध्यक्ष जोगराज गिरीले पनि डढेलोबाट वन जोगाउन सहकार्य र प्रभावकारी नीति कार्यान्वयनको आवश्यकता रहेकामा जोड दिनुभएको छ ।

यसैगरी फेकोफनको महासचिव पार्वता गौतमले पनि वन डढेलोबाट घाइतेलाई समयमामा नै उद्धार, पीडितलाई राहत उपलब्ध गराउनुपर्नेमा जोड दिनुभएको छ । “वन डढेलो नियन्त्रणसम्बन्धी सामान्य ज्ञान नहुँदा यहाँ बर्सेनि डढेलेका कारण मानिसको जान गएको छ त कैयौँ घाइते भएका छन्, उनीहरुको समयमा नै राहतको व्यवस्था हुनुपर्छ र दक्ष जनशक्ति निर्माणका लागि तालिम जरुरी छ”, उहाँले भन्नुभयो, “फेकोफनले भने डढेलो पीडित उपभोक्तालाई निःशुल्क काठ उपलब्ध गराउन समूहहरुलाई निर्देशन दिएका छौँ ।”

फेकोफन भक्तपुर जिल्ला अध्यक्ष पार्वती नगरकोटीले आफूहरुले समूहरुमा डढेलो नियन्त्रण र सुरक्षासम्बन्धी व्यापक जनचेतना अभिवृद्धि गराएको जानकारी दिनुभयो । उहाँकाअनुसार स्थानीय तहको सहकार्यमा डढेलो नियन्त्रणका गतिविधि अगाडि बढाइएको

# जल तथा मौसमसम्बन्धी नीतिको मस्यौदा तयार

**काठमाण्डु** । सरोकारवालाहरुले जलवायु परिवर्तनका कारण विपद्का घटना बृद्धि भएको जनाउँदै यस क्षेत्रमा लगानी बढाउन माग गर्नुभएको छ ।

विहिबार काठमाडौँमा आयोजित पूर्वानुमानमा आधारित पूर्वकार्यको राष्ट्रिय ढाँचातर्फ भन्ने नारासहित आयोजित दुई दिने राष्ट्रिय संवादको उद्धाटन सत्रमा बोल्दै उहाँहरुले विपद्जन्य घटना न्यूनीकरण र प्रतिकार्यमा लगानी बढाउन सुझाव दिनुभएको हो ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा जगदिश्वर कर्माचार्यले पछिल्लो समय जलवायु परिवर्तनका कारण विपद्का घटना विश्वव्यापी रुपमा नै बढिरहेको भन्दै यस क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिनुभएको छ ।

# विद्यालय शिक्षा र उच्च शिक्षाबीचको खाडल अन्त्य गरिने

**काठमाण्डु** । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले विद्यालय शिक्षा र उच्च शिक्षाबीच ठूलो खाडल रहेकाले उक्त खाडललाई अन्त्य गर्ने गरी कार्य प्रारम्भ गरेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको विहिबारको बैठकमा मन्त्री श्रेष्ठले विद्यालय शिक्षा र उच्चशिक्षाको साझा गन्तव्य मुलुकका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना रहेकाले त्यासअनुसार योजना बनाउन विश्वविद्यालयहरुका नेतृत्वलाई आग्रह गरिएको जानकारी दिनुभयो ।मन्त्री श्रेष्ठले त्रिभुवन विश्वविद्यालयमा भइरहेका विकृति र विसङ्गति रोक्न सरकारले पहल गरिरहेको पनि स्पष्ट गर्नुभयो ।



सो विश्वविद्यालयका उपकुलपति प्रा डा केशरजङ्ग बरालले विश्वविद्यालयमा राजनीतिक दलहरुले भातृ सङ्गठन सञ्चालन गर्दासम्म प्राज्ञिकलगायत समग्र सुधार गर्न कठिन हुने बताउनुभयो । उपकुलपति डा बराललले आगामी वर्षदेखि विश्वविद्यालयको शैक्षिक पात्रो कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै उच्चशिक्षाका नाममा विदेश जाने युवा विद्यार्थीलाई रोक्ने योजना रहेको बताउनुभयो ।

बैठकमा समितिमा सदस्यहरुले त्रिविमा समयमा परीक्षा सञ्चालन र नतिजा प्रकाशन नभएको, अति राजनीतिकरण भएको, विभिन्न समयमा हुने परीक्षाका प्रश्नपत्र बाहिरिने समस्या देखिएको र अनियमितता हुने गरेका कारणले विश्वद्यालयप्रति विद्यार्थीको अकर्षण घटेको बताउनुभएको थियो ।

सांसदहरुले बंगलादेशमा एमबिबिएस अध्ययन गर्न छात्रावृत्तिमा नाम निकालेका आठ विद्यार्थीको सट्टा राजनीतिक पहुँचका आधारमा अन्य विद्यार्थी पढ्न पठाएको भन्दै नाम निस्किएका विद्यार्थीलाई पठाउन माग गर्नुभएको थियो ।रासस


## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# यमुनामाईलाई पूर्ण खोप सुनिश्चितता घोषणा

टुडे समाचारदाता

गौर । रौतहटको यमुनामाई गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका एक विशेष समारोह वीच घोषणा गरिएको छ।

जिल्ला समन्वय समिति रौतहटका सभापति रामअयोध्या यादव र जिल्ला स्वास्थ्य कार्यालयकाका प्रमुख प्रशासकीय अधिकृत बिपिन कुमार साहले पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गरेका हुन।

पहिलो चरणमा पालिकाका सबै वडालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको र हाल सोही तथ्याङ्क र सूचकका आधारमा पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख सुधिर कुमार सिंहले बताए।

स्वास्थ्य शाखाले दिगोपना र पूर्ण खोप सुनिश्चितताका लागि हरेक वर्ष चैतमा नियमित खोपको घरभेट सर्वेक्षण गरी उमेर अनुसार खोप पाए/नपाएको यकिन गरेर खोप लगाउन छुटेको पाइएमा वैशाख महिनामा खोप दिने प्रक्रिया अनुरुप खोप दिने



व्यवस्था गरेको छ। सबै सर्तहरू पूरा गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गरिएको हो। यामुनामाई गाउँपालिकामा १२ वर्षभन्दा माथि उमेरका कोभिड विरुद्धको खोप २१ हजार ४ सय एक जनाले पूर्ण मात्रामा लगाएको पालिकाले सर्वेक्षण गरेको तथ्याङ्क रहेको छ।

सोही तथ्याङ्कका आधारमा पालिकाका करिब ९४.८० प्रतिशत कोभिड विरुद्धको खोप पालिका घोषणाका लागि जिल्ला समन्वय समितिसमक्ष पेस गरिएको र स्वीकृत भई घोषणा गरिएको हो। पालिकामा पाँच वटा स्वास्थ्य चौकी र दुईवटा सामुदायिक स्वास्थ्य इकाइ रहेका छन्। साबिकका सरुआठा, राजपुर तुलसी, राजपुर भेरीयाही, जेष्ठरहीया र झुनखुनवा गरी पांच वटा गाविसहरू समेटेर यमुना गाउँपालिका बनेको हो। यस पालिकाभित्र हाल ५ वटा वडा छन्। उक्त कार्यक्रममा ५ वटा स्वास्थ्य चौकीका कार्यालय सहयोगीहरुलाई स्वास्थ्य संयोजक सिंहले साईकल वितरण गरेको। कार्यालय सहयोगी प्रमोद यादव, सुनिल यादव, तपेश्वर मुखिया, अखिलेश प्र अधिकारी तथा शमीकपुर यादवलाई साईकल प्रदान गरिएको छ। सो कार्यक्रम निमित प्रमुख प्रशासकीय अधिकृत रामश्रेष्ठ यादव, गापा अध्यक्ष सेख साउद, उपाध्यक्ष अनुराधा कुमारी लगाएतका उपस्थिति रहेको थियो।

# जनगुनासो सुन्न 'हेलो मेयर' कार्यक्रम सुरु

टुडे समाचारदाता

गौर । रौतहटको बौधीमाइ नगरपालिकामा जनगुनासो सुनुवाइका लागि 'हेलो मेयर' कार्यक्रम सञ्चालन गरिएको छ। अहिले १० बजेदेखि ५ बजेसम्म प्रत्यक्ष नगर प्रमुखसँग आफ्ना समस्या र गुनासा सुनाउन सक्ने गरी सेवा सञ्चालन गरिएको हो।

नागरिकले फोन गर्दा पैसा नलाग्ने टोल फ्री नम्बरको व्यवस्थापनसहित सेवा बुधबारदेखि नियमित सञ्चालनमा आएको नगर प्रमुख प्रदिप कुमार यादवले जानकारी दिए। बौधीमाई नगरपालिकाका नगर प्रमुख यादवले नै औपचारिक शुभारम्भ गरेका थिए।

निर्वाचित भएको काम गरेर जनस्तरबाट स्याबासी पाएका यादबले जनगुनासो सुनुवाइका लागि हेलो मेयर कार्यक्रमको गरेका हुन्।

सबैले भेट्न र फोनबाटै प्रत्यक्ष सम्पर्कमा जोडिएर कुरा राख्न नसक्ने भएकोले सहज



पहुँच र सेवाका लागि उक्त कार्यक्रम सञ्चालन गरिएको यादवको भनाइ छ।

'हामी विपन्न समुदायको सवाल र समस्यालाई सम्वोधन गर्न आएका हौं। समुदायका तल्लो तहका नागरिकको जीवन स्तर सुधार गर्नु हाम्रो प्रमुख काम हुनुपर्छ र यही संकल्प बोकेका छौं। तीनै कामलाई थप प्रभावकारी बनाउन हेलो मेयर कार्यक्रमले थप सहयोग मिल्ने विश्वास छ' यादवले भने

'नगरवासीहरुले आफूलाई परेको समस्या र जनप्रतिनिधि तथा नगरपालिका प्रतिको गुनासो, सुझावलाई फोन मार्फत गरिने छ।

जनस्तरबाट आएका सुझावका आधारमा हामीलाई पनि अघि बढ्न सजिलो हुने विश्वास रहेको छ।'

हेलो मेयर कार्यक्रमका लागि १८१०५०००२०४ फोन फ्री नम्बर तय गरिएको छ। पालिकाभित्रका स्वास्थ्य, शिक्षा, खानेपानी, सुशासन, कर्मचारीको सेवा प्रभाव, उपभोक्ताको काम प्राकृतिक प्रकोप तथा विपद् सबै प्रकारका घटना हेलो मेयर कार्यक्रम अन्तर्गत संकलन गरी सुनुवाइ गरिने नगरपालिकाले बताएको छ।

पालिकाभित्र हेलो मेयर कार्यक्रममा आएका गुनासो र सवाल सुनुवाइका लागि संयन्त्र नै बनाउने नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रमोद यादवले बताएका छन्।

पालिकाका कर्मचारीले गुनासो संकलन गर्ने र सोही आधारमा टेलिफोन, संवाद, भेटघाट, वा अन्य व्यक्तिको सहजीकरण मार्फत गुनासा सुनुवाइ हुने गरी कार्यक्रम सुरु गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले बताएका छन्।

स्थानीयले हेलो मेयर कार्यक्रमलाई विकास र प्रगतिको सूचकको रूपमा लिएका छन्। बौधीमाई नगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत यादव नेतृत्वको टिमले बौधीमाइ नगरपालिकामा मै खानेपानीको सहज व्यवस्थापन, विद्यालयमा फ्री इन्टरनेट सेवा सञ्चालन गरिसकेको छ।

# पारदर्शीता र सुशासन एकअर्काका पूरक : राष्ट्रपति

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले पारदर्शीता र सुशासन एकअर्काका पूरक भएको बताउनुभएको छ। उहाँले न्यायोचित ढङ्गबाट कार्यसम्पादन गरिरहनुभएका लेखापरीक्षक राष्ट्रका आर्थिक पहरेदार रहेको बताउनुभयो।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् सङ्घ (एक्यान) द्वारा विहिबार आयोजित राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "मुलुकभर सक्रिय लेखापरीक्षककै कारण भएका स्पष्ट हिसाबलाई हामीले आर्थिक सुरक्षाको एउटा पाटोका रुपमा लिन सकेका छौं, हरबखत चनाखो रहेर हिसाब मिलान गर्नु गराउनु नै लेखापरीक्षकको उच्चतम धर्म हो, आफ्नो कर्ममा धर्म नबिर्सनु नै न्याय हो, तसर्थ, न्यायोचित ढङ्गबाट कार्यसम्पादन गरिरहनुभएका लेखापरीक्षक राष्ट्रका आर्थिक पहरेदार हुनुहुन्छ।"

लेखापरीक्षकको सक्रियताका कारण मुलुकमा हुने आर्थिक क्रियाकलापमा पारदर्शिता कायम गर्न योगदान पुगेको विश्वास व्यक्त गर्नुहुँदै राष्ट्रपति पौडेलले सम्बन्धित निकायलाई पारदर्शी र जवाफदेही बनाउन चार्टर्ड एकाउन्टेन्टका विषयमा ज्ञान भएका दक्ष व्यक्तिको आवश्यकता र भूमिका महत्वपूर्ण हुन्छ भन्नुभयो।

"कुनै देशले सहयोग गर्दा हेर्ने भनेको त्यो देशको खर्च र हिसाब प्रणालीको पारदर्शिता हो, देशको आर्थिक विकास र राजस्व परिचालनमा विश्वसनीय वातावरणको अभिवृद्धि यसैबाट हुन्छ, विकास निर्माणका ठूलो खर्चमा प्रयोग हुन सक्ने फर्जी बिल र राजस्व छलीको नियन्त्रण लेखापरीक्षणबाटै सम्भव हुन सक्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो।

सम्मेलनको उद्घाटन समारोहमा कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले लेखापरीक्षकको भूमिकाको प्रशंसा गर्दै स्पष्ट लेखापरीक्षणको आवश्यकताबारे उल्लेख गर्नुभयो। "विकास निर्माणका नाममा हुने ठूलो खर्चमा प्रयोग हुँदै आएको फर्जी बिल र राजस्व छलीको नियन्त्रण लेखापरीक्षणबाटै सम्भव भएको हो", मन्त्री साहले भन्नुभयो, "यसरी एक्यानले मुलुकको वित्तीय सुशासन, लेखापरीक्षणका माध्यमबाट योगदान दिँदै आएको छ। नयाँ पुस्ताका चार्टर्ड एकाउन्टेटहरुले राष्ट्रको आर्थिक विकासमा लेखाको महत्वका साथै लेखा व्यवसायीलाई बदलिँदो आर्थिक अवस्थाबारे जनचेतना जगाउनुपर्छ, त्यो अत्यन्तै प्रशंसनीय छ।"

एक्यानका अध्यक्ष दिपक पाण्डेले सम्मेलनले देशको आर्थिक सङ्कट र समाधानका विषयमा बहस गर्दै निकासको बाटो खोल्न मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो।


## कर्मचारी आवश्यकता

**एस.एन. केमिकल उद्योग**

**जनकपुरधाम-१९, धनुषा**

हाम्रो उद्योगको लागि तपसिल अनुसारको कर्मचारीहरु आवश्यक भएकाले इच्छुक र योग्य व्यक्तिहरुले १० दिन भित्रमा आफ्नो शैक्षिक योग्यता तथा बायोडाटा सहित सम्पर्क गर्नुहुन जानकारी गराईन्छ।

| सि. नं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | मार्केटिङ्ग एक्सक्युटिभ तलब: १५०००-२५००० | ६ | +२ उर्त्तिण |
| २ | फेक्ट्री कामदार तलब: १२०००-१७००० | ४ | SLC/SEE उर्त्तिण |

**नोट :**

- कम्तिमा २ वर्ष कार्य अनुभव भएको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।
- मार्केटिङ्ग एक्सक्युटिभको लागि मोटर साईकल र मोटर साईकलको लाईसेन्स अनिवार्य हुनुपर्ने छ।

**सम्पर्क नं. ९८००८१३७५३/९८०५९८३३८४**

Email: snchemicalu@gmail.com



## Invitation for Bids

### Infrastructure Development Office, Sarlahi

### Invitation for Bids No: 3-IDOSARLAHI/NCB/Works/2080/081

**First Date of publication: 2081/01/28 (10th May, 2024)**


1. Infrastructure Development Office, Sarlahi invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following works mentioned below under online National Competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of In frastructure Development Office, Malangawa,Sarlahi, Madhesh Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders who choose to submit their bid electronically may purchase the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above)of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy(pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Nepal Bank Ltd.
   **Name of Office:** Infrastructure Development Office, Sarlahi
   **Office Code no:**3370119012
   **Office Account no:**27102000000101000001
   **Rajaswa (revenue) Shirshak no.:** 14229
4. Pre-bid meeting shall be held at Infrastructure Development Office, Malangwa,Sarlahi, Nepal at 2081/02/18 (31st May, 2024)11:00 hours.
5. Electronic bids must be submitted to the office Infrastructure Development Office, Malangawa, Sarlahi, Madhesh Province, through PPMO website www.bolpatra.gov.np/egp on or before 2081/02/27(09th June, 2024) at 12:00 hours.. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/02/27 (09th June, 2024) 14:00 hours.at the office of Infrastructure Development Office, Sarlahi, Malangwa
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract No. | Description of Work | Bid security Amounts NRs. | Bid Validity Period (Days) | Bid Fee NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | IDOSARLAHI/NCB/Works/ 2080/081-18 | Construction of Blacktop and Structure Works along Chakraghata ward no 9 khoriya – Gohoyahi-Aurahi-Kabilashi -10 Pirar chowk, Sarlahi | 3800000.00 | 120 Days | 10000.00 | |
| 2 | IDOSARLAHI/NCB/Works/ 2080/081-19 | Construction of Blacktop and Structure Works along Kabilashi 4 HempurLakhandehi River-Pachgachhiya –Sirsiya Road, Sarlahi | 3500000.00 | 120Days | 10000.00 | |
| 3 | IDOSARLAHI/NCB/Works/ 2080/081-20 | Construction of Blacktop and Structure Works along Kabilashi 10 Slempur Main chowk-Hospital Road, Sarlahi | 800000.00 | 90Days | 5000.00 | |
| 4 | IDOSARLAHI/NCB/Works/ 2080/081-21 | Construction of Blacktop and Structure Works along Chakraghata ward no 5 Padariya –Dhangrakholapaterwa –Sagardina Road,Sarlahi | 4000000.00 | 120 Days | 10000.00 | |
| 5 | IDOSARLAHI/NCB/Works/ 2080/081-22 | Construction of Blacktop and Structure Works along Baswariya ward no 4 Gonarwa –Diyar hudai Hirapur Bairaj Baswariya Wardno 4, Sarlahi | 4100000.00 | 120Days | 10000.00 | |
| 6 | IDOSARLAHI/NCB/Works/ 2080/081-23 | Construction of Blacktop and Structure Works along Barathwa Ward no 11 Hirapur Barrage Baswariya Ward no 6 Pokhariya Road, Sarlahi | 3000000.00 | 120Days | 10000.00 | |
| 7 | IDOSARLAHI/NCB/Works/ 2080/081-24 | Construction of RCC T-Girder Bridge at Dhungre Khola along Slempur Hirapur Road, Sarlahi | 2100000.00 | 90Days | 5000.00 | |
| 8 | IDOSARLAHI/NCB/Works/ 2080/081-25 | Construction of Blacktop and Structure Works along Chakraghata Ward no 3 Suspension Bridge –Chakarghata Ward no 4 Sundrapur Bazzar Road , Sarlahi | 1600000.00 | 90Days | 5000.00 | |
| 9 | IDOSARLAHI/NCB/Works/ 2080/081-26 | Construction of Blacktop and Structure Works along Kabilashi Ward no 10 Slempur Chameli Mai –Ma.vi. School Road, Sarlahi | 700000.00 | 90Days | 5000.00 | |

**Office Chief**

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अराजकता तर्फ देशलाई धकेल्दै

देशमा अहिले संघीय र प्रदेश सरकार हट्ने वा रहने विषयमा राजनीतिक दलहरुबीच खिचातानी चलिरहेको छ । यस्तो राजनीतिक अभ्यास दलहरुबीच निरन्तर भइरहने विषय पनि हो । सत्ता र प्रतिपक्षले आ-आफनो स्तरबाट एक अर्कालाई खसाउने, कमजोर बनाउने घोषित नीति नै बनाएको हुन्छन् । सत्तामा रहने दलले विपक्षलाइ कमजोर बनाएर अगामी चुनावमा पुनःसत्तामा पुनरागमन गर्ने प्रयासमा हुन्छ । विपक्षलेपनि सत्तापक्षलाई हरेक मोर्चामा असफल बनाएर अगामी चुनावमा सत्ता प्राप्ति गर्ने उदेश्यले काम गरिरहेका हुन्छन् । यो लोकतान्त्रि अभ्यास हो । लोकतान्त्रिक अभ्यासलाई अझ सुन्दर बनाउन सत्ता र विपक्षले राष्ट्रियहित, जनहितका वृहत्त कार्यमा एकअर्काका सहयोगी हुनुपर्छ । असल कामलाई समर्थन र गलत कामको बिरोध हुनैपर्छ । सरकारले आफ्ना नीति र कार्यक्रमले विपक्षलाई कमजोर बनाउने हो । विपक्षले पनि सरकारलाई संसदमा घेराउ गरी गलत कार्यहरुको आलोचना गर्ने हो । यस्तो अभ्यासको क्रममा संवैधानिक निकायहरु तटस्थ, निष्पक्ष भूमिका निर्वाह गर्नुपर्छ । देशमा रहेका संवैधानिक र न्यायायिक निकायमा राजनीतिक दलहरुले भागबण्डा गरी नियुक्ती गरे पनि पदासिन भइसकेपछि दलगत स्वार्थ भन्दा माथि उठेर काम गर्नुपर्छ । संवैधानिक निकायका पदाधिकारीहरुले विगतको दलगत आस्थाको आधारमा काम गर्न थालेपछि देश अराजकता तर्फ धकेलिनेछ । अहिले देशको सबै संवैधानिक निकाय र न्यायलय चरम विवादमा परेका छन् । संवैधानिक निकायमाथि प्रश्न उठ्नुलाई कदापी राम्रो मान्न सकिदैन् । सुदुरपश्चिम, गण्डकी प्रदेशको मुद्दामा सर्वोच्च अदालत विवादमा तानिएको छ । विगतमा पनि सर्वोच्च अदालत विवादमा पटक पटक तानिएकै हो । प्रधानन्यायाधीशमाथि प्रतिनिधि सभामा महाअभियोग लगाइएकै हो ।फेरि पनि त्यो स्थितिको सृजना हुन थालेको छ । निर्वाचन आयोग त एउटा दलको भातृ संगठनको रुपमा काम गरिरहेको आरोपबाट मुक्त हुन सकेकै छैन् । महान्यायाधीवक्ताको कार्यालय पनि अहिले नराम्ररी विवादमा तानिएको छ । देशको गृह मन्त्रालय र मातहतका सुरक्षा, प्रशासनिक निकायहरु समेत दुरुपयोग हुन थालेका छन् । राज्यले संवैधानिक , न्याययिक, प्रशासनिक र सुरक्षा निकायहरुको दुरुपयोग गर्न हुँदैन् ।देशको शासन सत्तापक्षले चलाए पनि प्रतिपक्षलाई दमनगर्न त्यसको दुरुपयोग गर्नु हुँदैन् । सत्ताको चरम उपभोग गर्न देशलाई नै अराजकता तर्फ धकेल्नु हुँदैन् । अहिले चुच्चे नक्सालाई नेपाली एक सयको नोटमा अंकित गर्ने निर्णय गरेर सरकारले देशवासीको सहानुभूती बटुल्ने प्रयासगर्दै संवैधानिक, न्याययिक, पशासनिक र सुरक्षा निकायको चरम दुरुपयोग गर्न थालेकोछ । देशलाई नै अराजकता तर्फ सत्ता गठबन्धनले धकेल्न थालेको छ । यो हरेक दृष्टिले सम्पूर्ण व्यवस्था र समग्रमा देशका लागि अहितकर हो ।

# हाम्रो समाजमा अथाह पाखण्ड छ

**सीके लाल**

विषय अलिकति गहन छ– बौद्धिकताको कसीमा नेपाली समाज । व्यावहारिक रूपमा यस विषयमा कुरा गर्न सजिलो छ । व्यावहारिकता सिद्धान्तबाट आउने हो । सिद्धान्तमुक्त भएर व्यावहारिकता हुँदैन । सबैभन्दा पहिले यो 'किनोट स्पिच'कै कुरा गरौँ । 'किनोट स्पिच'लाई हिन्दीमा बीज वक्तव्य भन्दा रहेछन् । कुन अर्थमा भने– बीजबाट रुख पलाउँछ, त्यसमा फूल फुल्छ, फेरि फल हुन्छ र बीज निस्कन्छ । त्यसैले त्यसबाट धेरै विषय निस्कने भएकाले 'किनोट स्पिच'लाई हिन्दीमा बीज वक्तव्य भनिँदो रहेछ ।

हाम्रो नेपालीमा 'विद्वत् प्रवचन' भन्ने चलन रहेछ । हामीलाई विशेषण साह्रै मन पर्छ । प्रवचन भने पुग्थ्यो, त्यसमा पनि विद्वत् जोड्नुपर्ने ! प्रवचन आफैँमा विद्वत् नै हो, त्यसमा विशेषण जोडिराख्नुपर्दैन । हामीलाई चाहिँ वरिष्ठ विश्लेषक भन्नुपर्ने, विश्लेषक केको वरिष्ठ हुन्छ ! बुढो भन्नेबाहेक वरिष्ठले अर्को अर्थ दिँदैन । मलाई नै कहिलेकाहीँ वरिष्ठ भनिरहेका हुन्छन् । वरिष्ठ नागरिकका हिसाबले अर्थात् अलि बुढो हुन लागेको भएर भनिएको होला । राम्रो भने मात्रै पुग्ने ठाउँमा धेरै राम्रो वा अति राम्रो भन्ने अर्थ निकाल्न विशेषण जोड्ने हाम्रो चलन छ ।

मेरो अध्ययनका हिसाबले भन्ने हो भने 'विद्वत् प्रवचन' भनिरहन आवश्यक छैन, प्रवचन भने पुग्छ । प्रवचनमा के हुन्छ भने लिने र दिने दुवैको स्वेच्छा हुन्छ । दिनेले आफूलाई मन लागेको कुरा भन्छ, लिनेले आफूलाई मन लागेका कुरा लिन्छ, नलिए पनि हुन्छ, प्रवचनमा केही बाध्यता छैन । औपचारिक शिक्षामा यस्तो हुँदैन, त्यसमा केही किसिमका बाध्यता थोपरिएका हुन्छन्, त्यहाँ जे सिकाएको हो त्यही सिक्नुपर्छ ।

मैले अलिकति सैद्धान्तिक तवरले कुरा गर्न खोजेको छु । 'बौद्धिकता'को कुरा गर्ने हो भने, यो आयो कहाँबाट ? व्यक्तिको रूपमा म यहाँ छु, हेर्दै छु, हुनुको अर्थ अवलोकन गर्नु हो ।

देवनागरीको पहिलो अक्षर 'अ'बाट अवलोकन बनेको छ र यसैबाट (जीवन) सुरु हुन्छ । बच्चा जन्मेपछि आँखा खोल्नासाथ छक्क परेर हेर्छ, यही हो अवलोकन । इन्द्रियहरू त्यतिबेलासम्म सक्रिय भइसकेका हुँदैनन् । अवलोकनको तुरुन्तपछि इन्द्रियहरू सक्रिय हुन थाल्छन् । इन्द्रियहरू सक्रिय भएपछि बच्चाले देख्न, सुन्न, छुन, सुँघ्न र स्वाद लिन थााल्छ । यी पाँचवटै अवलोकनलाई अनुभवमा रूपान्तरण गरेपछि महसुस हुन थाल्छ धेरै कुरा । महसुस हुनका लागि अलिकति पृष्ठभूमि पनि चाहिन्छ । जन्मिसकेपछि आफ्नो अवस्था अनुसार बच्चाले महसुस गर्न थाल्छ ।

विद्यार्थी जीवनमा गएपछि 'अध्ययन' हुन्छ । महससु भएका धेरै कुरालाई एकै ठाउँमा समाहित गरी अध्ययन गरिन्छ अर्थात् अरुका अवलोकन र महसुसबाट पनि केही कुरा सिक्न थालिन्छ । यी दुइटा जोडिएपछि अनुभूति हुन थाल्छ । दुःख, सुख, विस्मय, क्रोध, दया, प्रेम आदिको अनुभूति भनेको अवलोकन, अनुभव र अध्ययनपछि महसुस गरिने कुरा हुन् ।

अरुलाई मात्रै प्रश्न सोध्ने होइन आफैँलाई पनि प्रश्न सोध्ने, यो भनेको आलोचनात्मक बौद्धिकता हो । यो आलोचनात्मक बौद्धिकताले पेसाकर्मीलाई पेसाधर्मी बनाउँछ ।

अनुभूति भइसकेपछि हामी अभिव्यक्तिमा जान्छौँ । एउटा सचेत व्यक्ति अनुभूतिलाई आफूसँग मात्रै राखेर बस्न सक्दैन ।

अनुभूतिलाई अभिव्यक्ति गर्नैपर्छ । अभिव्यक्तिको सबैभन्दा सजिलो माध्यम उफ्रिनु हो, बच्चा जन्मनासाथ एकछिनपछि हातखुट्टा हल्लाउँछ ।

अभिव्यक्तिको अर्को माध्यम हो, विलाप । अत्यन्त खुसी भएका बेला पनि आँखाबाट आँसु आउने, अत्यन्त दुःखी भएका बेला पनि आँखाबाट आँसु आउने– विलाप भनेको अर्को अभिव्यक्तिको माध्यम हो ।

अभिव्यक्तिको अर्को माध्यम हो, संगीत । संगीतमा बाजा नै बजाउनुपर्छ भन्ने छैन । गुनगुनाउनु वा टेबल ठोक्नु पनि संगीतमा पर्छन् । गीत पनि अभिव्यक्ति हो । चित्रकला अभिव्यक्तिको माध्यम हो । अभिव्यक्तिका माध्यमहरू मानिस लगायत लगभग सबै जनावरमा पाइन्छन् ।

मानव भन्ने यो दुईखुट्टे जन्तुको अभिव्यक्तिमा शब्द समेत जोडिन्छ । शब्द त होला अरु जनावरको पनि, धेरैले बुझ्ने सामूहिक शब्दहरू र व्याकरणको आविष्कार अभिव्यक्तिका लागि भएको हो, जसले मानवलाई अरु जनावरभन्दा केही फरक बनाएको छ ।

अभिव्यक्तिमा मानिसका आफ्ना अपेक्षा पनि हुन्छन् ।

मेरा यी मनका भावहरू वा अभिव्यक्तिलाई अरुले सुनोस्, गमोस् र यसमाथि अरुले विचार गरोस् भन्ने अपेक्षा मानिसमा आउँछ ।

त्यसैले हामी सम्भावित असरलाई विचार गरेर बोल्न थाल्छौँ । मेरा शब्दहरूको के असर पर्ला ? अरुको चित्त दुख्छ कि, रिसाउँछ कि, खुसाउँछ कि भनी तौलेर बोल्छौँ । त्यसैले भाषा एक किसिमको छलावा (धोका) हो । भाषाहरूको प्रयोग घुमाएर भन्नका लागि हो ।

हामी भन्छौँ, उहाँ स्पष्टवक्ता हुनुहुन्छ, यो भनेको तुलनात्मक मात्रै हो । शब्दको प्रयोग गर्दा असरको अपेक्षा राखिने भएकाले जति नै स्पष्टवक्ता भए पनि उसको बोलीमा केही खाली ठाउँ, केही मौनता, केही अर्धविराम, केही पूर्णविराम आदि लुकेका हुन्छन् । यसरी लुक्नुको अर्को कारण के हो भने, हाम्रा भावहरू असीमित छन् । संसारका आठ अर्ब मानिसका मनमा जति भाव छन्, त्यसलाई समेट्ने गरी संसारमा कुनै भाषा बनेकै छैन । त्यसैले सन्त-महात्माले भन्छन्– मौनता सर्वोत्कृष्ट भाषा हो । जब गुरु-शिष्य परम्परामा गुरुले मौनताबाट शिष्यलाई आफ्नो ज्ञान प्रवाह गर्छन् भन्छन्, वैज्ञानिक तवरले यो मिल्दैन तर आस्थाको पनि कुरा छ । यो किन भनिएको हो भने, भाषामा आउनासाथ त्यो कुरामा स्पष्टता बाँकी रहँदैन भन्ने मान्यता रहिआएको छ ।

भाव र विचारलाई सीमित शब्दमा अभिव्यक्त गर्न खोज्दा दुई-चारवटा कुरातिर ध्यान जान्छ । पहिलो त उपर्युक्त शब्दको खोजी– कुन शब्दले मेरो भाव भन्न सक्छ भन्ने साधारणभन्दा साधारण बच्चाले पनि सोचेर भन्छ । अलिकति बुझ्ने भइसकेको बच्चाले कुनै चिजलाई ' यो त अमिलो छ' भन्यो र उसलाई 'कस्तो अमिलो छ' भनेर सोधियो भने ऊ एकछिन चुप लाग्छ र भन्छ– अमलाजस्तो, वा काँचो आँपजस्तो आदि । उपयुक्त शब्द र ग्राह्य शब्दको खोजी हामीले निरन्तर गरिरहेकै हुन्छौँ ।

मैले भनेको कुरा तपाईंले बुझ्नुहुन्छ कि हुन्न भन्ने महत्त्वपूर्ण हुन्छ । त्यही भएर प्रश्न गरेर पनि संवाद बुझ्ने वा बुझाउने कोसिस गरिन्छ । कुनै विषयको परिभाषा खोज्दै जाँदा हामी त्यसको बीजमा पुग्छौँ । त्यो बीज अन्ततः कि प्रकृति हो, कि सृष्टि हो, अथवा भगवान मान्नुहुन्छ भने ईश्वर हो ।

बौद्धिकताका लागि नेपाल बन्जरभूमि हो भने, यो बन्जर फोर्नलाई के गर्ने के ? यसका लागि पहिलो अवलोकन हो, हाम्रो अवलोकन क्षमता बढाउन तालिम आवश्यक छ । देख्दाखेरि जे देखिन्छ, त्यसमा ध्यान दिनुपर्छ ।

आज मलाई बोल्न दिइएको विषय 'बौद्धिकताको कसीमा नेपाली समाज' बुझ्नका लागि पहिले बौद्धिकता, कसी र नेपाली समाज भन्ने शब्दहरूलाई बुझ्नुपर्छ । त्यसपछि न हामी बौद्धिक स्तरमा कहाँ छौँ भन्नेमा पुग्छौँ ।

प्रज्ञा प्रतिष्ठानको शब्दकोश अनुसार बौद्धिकता शब्दको अर्थ छ– भावनामुक्त तार्किकता ।

भावनामुक्त तार्किकता हुनै सक्दैन । कतिसम्म भने– १ र १ बराबर २ हुन्छ भने पनि भावनामुक्त तार्किकता होइन । नेपाल ल क्याम्पसको प्राध्यापक- १ र नेपाल क्याम्पसको विद्यार्थी- १ गरी २ त होइन । गणितमा चाहिँ भावनामुक्त तार्किकता होला, समाजमा र व्यक्तिबिचको सम्बन्धमा भावनामुक्त तार्किकता सम्भव छैन । त्यसैले प्रज्ञाप्रतिष्ठानले दिएको पहिलो परिभाषा मिल्दैन । यसमा धेरै परिचय दिनुपर्ने हुन्छ ।

बौद्धिकता शब्दको दोस्रो अर्थ छ– सोच्ने र अभिव्यक्ति गर्ने तरिका । यो अर्थचाहिँ बौद्धिकताको केही नजिकतिर जान्छ । यद्यपि यो पनि पर्याप्त होइन ।

यस्तै नेपाली शब्द संज्ञा पनि छ विशेषण पनि छ । प्रज्ञा प्रतिष्ठानको शब्दकोशले विशेषणको अर्थ दिएको छ– नेपाली भनेको नेपालमा बसोबास गर्ने, नेपाली नागरिकता प्राप्त गरेको, वा नेपाली जाति ।

अब नेपालमा बसोबास गर्ने, नेपाली नागरिकता प्राप्त गरेको कुरासँग बौद्धिकताको धेरै सम्बन्ध जोडिँदैन । नेपाली जाति भनेको के हो ? यसलाई निर्जातीय रूपमा वा एथ्नेसिटीका रूपमा बुझेको हो कि, वर्ण वा रेसका हिसाबमा बुझेको हो कि, रङ्का हिसाबले बुझेको हो कि ? के हो नेपाली जाति भनेको ?

अब हामी समाज भनेको के हो भन्नेमा स्पष्ट हुनुपर्छ । समाजलाई विभिन्न किसिमले परिभाषित गरिएको छ, सबैभन्दा सजिलो परिभाषा छ– समाज भनेको सम्बन्धहरूको सञ्जाल हो । हामी एकअर्कासँग कुनै हिसाबले जोडिएका छौँ भने त्यो समाज हो । जस्तै ः सोसाइटी अफ नेपलिज आर्किटेक्टस्, यो भनेको आर्किटेक्टहरूको समाज भयो । त्यहाँ जोडिने तन्तु के हो भने सबै आर्किटेक्ट छन् ।

राजनीतिक रूपले हेर्ने हो भने नेपाल एउटा देश छ, यो एउटा परिकल्पित समुदाय हो, यसलाई एउटा संविधानले बाँधेको छ, त्यसको मूल्य-मान्यताले जोडिएको यदि हो भने त्यो नेपाली समाज हो । त्यसको वर्चस्ववादी मूल्य-मान्यता भने खस-आर्यको छ ।

कुनै रगतको वा नातागोताको सम्बन्ध होला, यी सबैबाट समाज बन्ने हो । समाजशास्त्रीय दृष्टिकोणले हेर्ने हो भने नेपाली समाजलाई एक वचनमा भन्न मिल्दैन ।

किनभने नेपाली समाजहरू छन्, अर्थात् थुप्रै नेपाली समाजहरू छन् ।

पृथ्वीनारायणले चार जात ३६ वर्ण भनेका छन् । चार जात भनेको जात प्रथाका हिन्दुहरू, ३६ वर्ण भनेको आ-आफ्नै संस्कृति र सभ्यता भएका ३६ किसिमका समूहहरू, जनजातीय समूहहरू । त्यो हिसाबले हेर्ने हो भने– मगर समाज होला, गुरुङ समाज होला । होइन, आस्था र विश्वासको दृष्टिकोणले हेर्ने हो भने, इस्लामिक समाज होला, क्रिस्चियन समाज होला, बौद्धमार्गी समाज होला, जाति प्रथा मान्ने समाज होला ।

राजनीतिक रूपले हेर्ने हो भने नेपाल एउटा देश छ, यो एउटा परिकल्पित समुदाय हो, यसलाई एउटा संविधानले बाँधेको छ, त्यसको मूल्य-मान्यताले जोडिएको यदि हो भने त्यो नेपाली समाज हो । त्यसको वर्चस्ववादी मूल्य-मान्यता भने खस-आर्यको छ । त्यसैले जुन बेला हामी एक वचनमा नेपाली समाज भन्छौँ, त्यो भनेको खसआर्य समुदाय हो । त्यो भनेको समाजशास्त्रीय दृष्टिकोणले बहुवचनको नेपाली समाजहरू होइन । नेपालको संविधान, नेपालको धर्म, परम्परा, संस्कृति हामी जेलाई भन्छौँ– त्यो वर्चस्ववादी खस-आर्य समुदाय, खासगरी मध्य पहाडका नेपालीभाषी पुरुषले दुई-अढाइ सय वर्षमा विकसित गरेको मूल्य-मान्यतालाई हामी नेपाली समाज भनेर बुझ्छौँ ।

नेपाली समाजमा सायद पूर्वाग्रह अलि बढी छ । त्यो हुनुको मुख्य कारण के हो भने, हाम्रो जात व्यवस्था बलियो छ ।

यो कथाले के देखाउँछ भने बौद्धिकताका विभिन्न किसिम हुन्छन् । विवरणात्मक बौद्धिकता सबैभन्दा सहज प्रकृतिको हुन्छ । पत्रकारहरू विवरणात्मक बौद्धिकताका उत्कृष्ट उदाहरण हुन् । पत्रकारको भाषामा 'फाइभ डब्लुएच' (को, के, कहिले, कहाँ, किन, कसरी) आउँछ । पत्रकारले कुनै पनि घटना वा अवस्थाको बारेमा अवलोकन गरेर सबैले बुझ्ने भाषामा विवरणात्मक रूपमा लेख्छ ।

विवरणात्मक बौद्धिकता पनि पूर्वाग्रहमुक्त हुँदैन । म आज पहिलोपटक भोटाहिटी गएँ भने त्यहाँ भीड छ भनेर विवरण दिउँला । अर्को कुनै व्यक्तिले त्यहाँ अरु दिनभन्दा आज बढी भीड थियो भन्ला । तेस्रो कोही गयो भने उसले त्यहाँ पुरानो साथी राजदेव जोशीलाई भेटेँ भन्ला ।

यस्तै विभिन्न लिंग र उमेरका मान्छेले त्यहाँको विवरण आ-आफ्नै ढंगले देलान् । यसैले विवरणात्मक बौद्धिकता पनि पूर्वाग्रहमुक्त हुँदैन ।

किनभने, यो दुईखुट्टे जनावरमा जन्मनासाथ अनुभव सँगसँगै पूर्वाग्रह पनि विकसित हुँदै जान्छ ।

नेपाली समाजमा सायद पूर्वाग्रह अलि बढी छ । त्यो हुनुको मुख्य कारण के हो भने, हाम्रो जात व्यवस्था बलियो छ । एकथरीमा सुरुदेखि उत्कृष्टताको भावना विकास गराइन्छ– तँ बुझ्ने, तँ जान्ने, तँ त मालिक होस्, फलानो नोकर हो, फलानो व्यापारी हो, फलानो नेता हो चोरै होला ।

यसरी हेर्दा नेपाली समाज प्राथमिक वा विवरणात्मक बौद्धिकतामा समेत कमजोर छ ।

# तीन शताब्दीको साक्षी अर्घौं मौलाकालिका

**वासुदेव पौडेल**

कास्की जिल्लाभित्रका ऐतिहासिक एवम् धार्मिक स्थलमध्येको एक हो अर्घौं मौला कालिका मन्दिर । धार्मिक आस्था एवम् विश्वासका कारण महत्वपूर्ण धार्मिक तीर्थस्थलका रुपमा चासो र चर्चा कमाएको यो मन्दिर १७९२ सालदेखि नै अस्तित्वमा आएको छ ।

पोखरा महानगरपालिका-२८ मा समुद्री सतहबाट एक हजार दुई सय मिटर उचाइमा अवस्थित यस मन्दिरको दक्षिणतर्फ पूर्व पश्चिम फैलिएको समथर भूमि र उत्तरतर्फ अन्नपूर्ण हिमश्रृङ्खलाको सुन्दर दृश्यावलोकन गर्न सकिनुले पर्यटकीय रुपमा पनि उत्तिकै महत्वपूर्ण छ । अर्घौं ठूलाकोट झाँक्रमारे भञ्ज्याङमा रहेको यहाँ आउन पृथ्वी राजमार्गको कालिका चोकलगायत विभिन्न स्थानबाट सात आठ किलोमिटरको दूरी पार गर्नुपर्दछ ।

भण्डै तीन सय वर्षदेखि मनले चिताएको पुग्ने विश्वासका साथ श्रद्धा भक्तिपूर्वक पूजाआजा हुँदै आएको यस मन्दिरको स्थानीयवासीसँगै राज्यका तर्फबाट संरक्षण र विकासमा सहयोग हुँदै आएको अर्घौंमौलाकालिका भगवती मन्दिर संरक्षण समितिका अध्यक्ष बोधराज त्रिपाठीले जानकारी दिनुभयो ।

मन्दिर निर्माण पश्चात विभिन्न समयमा जीर्णोद्धार हुँदै आएकामा पछिल्लो समयमा पुरातात्विक सम्पदाका रुपमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पुरातत्व विभागबाट पूर्ववत् मौलिक स्वरुपमा मन्दिर निर्माण गरिसकिएको छ । मन्दिर संरक्षण समितिले मन्दिर परिसरसँगै ऐतिहासिक पोखरी र छेउमा अवस्थित सर्पराज नागको मन्दिर, कैलाशेश्वर शिवालय मन्दिर संरक्षणका साथै नियमित पूजाआजा, धार्मिक अनुष्ठानको व्यवस्थापन गर्दै आएको उहाँले बताउनुभयो ।

## मन्दिर उत्पत्तिको किंवदन्ती

कालिका भगवतीको उत्पत्ति सम्बन्धमा रोचक किंवदन्ती रहेको छ । किंवदन्तीअनुसार अर्घौं ठूलाकोट झाँक्रमारे भञ्ज्याङमा रहेको बारीमा १७९२ सालमा एक किसानले हलो जोत्दा फाली ढुङ्गामा लगी ढुङ्गा चोइटिएछ । चोइटिएर फुटेको ढुङ्गाबाट रगत बगेछ । ढुङ्गामा रगत आएको देखेपछि किसानले हलगोरु फुकाएर घरमा गई सबै बृतान्त परिवारसँग भनेछन् । त्यही रातमा ज्योतिर्विद् पण्डित अग्निहोत्री जगन्निवास त्रिपाठीलाई सपना भएछ ।

सपनामा त्रिपाठीलाई, "म काली हुँ, यस ठूलाकोट भञ्ज्याङकै बारीमा बसेकी छु । यसै ठाउँमा एक कुण्ड बनाएर मेरो सेवा गर सधैं तिम्रा सन्तान र यस क्षेत्रको रक्षा गर्नेछु" भन्दै अन्तरध्यान भइछन् । बिहान उठेर सपनामा बताइएको ठाउँमा गएर हेर्दा शिलाबाट रगत आइरहेको देखिएपछि धोइपखाली गरेर कालीको मन्त्र जप गरी क्षमा मागेपछि रगत आउन बन्द भएछ । त्यही बेलादेखि नै शिला भएको ठाउँमा सरसफाई गरी कुण्ड बनाएर भकारी र चित्राले घेरेर संरक्षण गरी पूजाआजा गर्न थालिएको पाइन्छ ।

उक्त कुण्डलाई अहिले पनि मन्दिरको बीच भागमा चौघेरा बनाएर कुण्डकै रुपमा पूजाआजा हुँदै आएको छ । तिनै जगन्ननिवासका सन्तान मध्ये पृथुधर र जागेश्वरले १८४५ सालमा मन्दिरको स्वरुप दिएर कालीको नाममा चाँपाचौरको करिब पाँच रोपनी जग्गालाई गुठी जग्गाका रुपमा पुजारीलाई व्यवस्था गरी त्यसबाट आउने आयस्ताबाट धुप अक्षता चढाइ नित्य पूजाआजा गर्ने व्यवस्था मिलाएको पाइन्छ ।

त्यस्तै १९०५ सालमा पूर्णदीप त्रिपाठीको सकृयतामा स्थानीय समाजसेवी, बुद्धिजीवि समेतको भेलाबाट मन्दिरमा साँझ विहान नगरा लगाउनका लागि नगरेको व्यवस्था गर्न स्थानीय चम्डिलोको करिब साढे चार रोपनी क्षेत्रफलको गुठी जग्गा व्यवस्था गरिएको पाइन्छ । मु.गुरुप्रसाद अधिकारीले गड्वा वेहुले बगरस्थित करिब २४ मुरी माटो खेत पुजारी र नगरेले आधा आधा कमाई खान दिन गुठी व्यवस्था गर्नुभएको छ । मु. भुवानीप्रसाद भण्डारीले एक ठूलो घण्टी राख्ने र अन्य गाउँलेबाट यथाशक्य रकम जम्मा गरी मन्दिर मर्मत तथा सरसफाईको व्यवस्था गर्ने भन्ने कुरा तत्कालीन समयका टिपोट, लेख, दस्तावेज र अग्रजहरूका भनाइबाट ज्ञात हुन आउँछ । तत्कालीन समयदेखि नै सामूहिकतामा निर्णय भई आपसी सहयोगबाटै संरक्षण र विकास हुँदै आएको यो शक्तिपीठ यस क्षेत्रकै एकताको प्रतिक जस्तै पनि बनेको स्थानीयको अनुभव छ ।

मन्दिरको संरक्षणसँगै जीर्णोद्धारका सम्बन्धमा पनि समय समयमा प्रयास हुँदै आएको पाइन्छ । १९९६/९७ सालमा अर्घौं काफलघारी निवासी तत्कालीन विचारी मनहर्ष भण्डारीले



कालिका शक्तिपीठको विवरण समेटेर श्री ३ जुद्ध शमशेरसँग बिन्तीपत्र जाहेर भएको पाइन्छ । तत्कालीन समयमा श्री ३ जुद्ध शमशेरबाट एक हजार मो.रु.प्राप्त गर्नुभएपछि उहाँमार्फत नै काठमाडौंदेखि ल्याइएका मिस्त्री र कालिगढ एवम् स्थानीय जनश्रमदानबाट स्थानीय ढुङ्गामा चुनासुर्कीको जडान गरी कलात्मक टुँडालसमेत राखी मन्दिरको पुनःनिर्माण तथा जीर्णोद्धार भएको पाइन्छ ।

मन्दिरभित्र तत्कालीन समयमा नै गणेश, सरस्वती, सिंहनाथ एवम् बटुक भैरवका मूर्तिहरू कुँदी राखिएको थियो । त्यसै समयमा सिद्धिपुरका चतुराखर भण्डारीले आफ्ना पिता भुवानीप्रसादले प्रदान गर्नुभएको ठूलो घण्टी झुण्ड्याउने ढुङ्गा, मन्दिरभित्र घण्टी झुण्ड्याउन प्रयोग भएको ढुङ्गा र मन्दिर परिसर प्रवेश गर्ने द्वारको दायाँ बायाँ रहेका ठूला ढुङ्गालाई हालको स्वरुपमा स्थापित गर्नुभएको बुढापाका बताउँछन् । मन्दिरको पूर्वतर्फ जनज्योति माविको पश्चिम मोहोडामा रहेको रहेको शिवालय मन्दिर, कालिकास्थानको ऐतिहासिक पोखरीको पश्चिमतर्फ रहेको नागको मन्दिर पनि यहाँको धार्मिक आकर्षण हुन् ।

नाग मन्दिरको पनि ऐतिहासिकता

कालिकास्थानको ऐतिहासिक पोखरीको पश्चिमतर्फ रहेको सर्पराज नागको मन्दिरलाई पनि यहाँका स्थानीयले विशेष महत्वका साथ हेर्ने गर्दछन् । १९०५ सालमा पूर्णदिप त्रिपाठीको सक्रियतामा कालिका मन्दिरको उत्तरमा अवस्थित पोखरीको पश्चिमतर्फको भागबाट मन्दिर वरपर पर्खाल लगाउन ढुङ्गा निकाल्ने क्रममा त्यो काममा संलग्न मानिस बिरामी भएछन् । खोजी गर्दा उक्त ठाउँमा सर्पराज नागको वासस्थान भएको र ढुङ्गा निकाल्दा सर्प मर्न गएका कारण बिरामी भएको भन्ने जानकारी प्राप्त भएछ ।

त्यसै समयदेखि उक्त स्थानमा नागको पूजाआजा हुँदै आएको बुढापाका बताउँछन् । यस्तो पूजा प्रत्येक वर्षको दुई पटक ग्रीष्मकालीन समयमा गरिने शतचण्डकीका दिन पूजाकै दिन गर्ने गरिएको छ । यहाँ गरिने शतचण्डी पूजाको विशिष्ट महत्व रहेको समाजसेवी ८१ वर्षीय नन्दीकेशर त्रिपाठी बताउनुहन्छ । आफूहरूले समेत बाल्यावस्थामा नै यहाँ गरिने शतचण्डी पूजाको ऐतिहासिकता सुन्ने गरेको बताउँदै उहाँले तत्कालीन समयमा पनि टाढाटाढाबाट विशिष्ट पण्डितहरू आएर शतचण्डीमा सहभागी भई चण्डी पाठ गर्ने गरेको जानकारी दिनुभयो ।

तत्कालीन समयमा सडक यातायातको सुविधा नभएका अवस्थामा समेत चण्डी पाठका लागि टाढाटाढाबाट पण्डितहरू आउने गरेको बताउँदै त्रिपाठीले त्यस समयमा भरतपोखरीको बर माझथरदेखि पैदल हिडेर पं. खडानन्द पौडेललगायत पण्डितहरू आएर चण्डी पाठ गर्नुभएको आफूले प्रत्यक्ष देखेको तथा अनुभव गरेको सुनाउनुभयो ।

मन्दिर संरक्षण तथा सम्बर्द्धनको पनि लामो इतिहास रहेको छ । स्थानीय अगुवाका अनुसार यसको संरक्षण सम्बर्द्धनमा तत्कालीन समयमा ज्यो पं. प्राणनाथ त्रिपाठीले समयसमयमा सहयोग गर्नुभएको थियो भने समाजसेवी राजचन्द्र भण्डारीको अगुवाइमा २०३६/३७ सालमा मन्दिर परिसरमा पर्खाल एवम् पूर्वतर्फको पिपलको रुख वरपर चौतारी निर्माण गरिएको थियो ।

विसं १९९६/९७ मा जीर्णोद्धार तथा पुनःनिर्माण भएको मन्दिरको पर्खाल चर्कने र श्लेटहरू खस्न थालेपछि २०५४/५५ सालमा समाजसेवी नन्दीकेशर त्रिपाठीको अध्यक्षतको समितिले स्थानीयवासीको आर्थिक सहयोगमा मन्दिरको पुनःनिर्माण एवम् पित्तलको छाना राख्ने काम गरिएको थियो ।

त्यसयता विभिन्न समयमा गठित समिति, त्यसका पदाधिकारीका साथै विभिन्न समाजसेवीको सहयोगमा संरक्षण, पुनःनिर्माण आदि कामहरू हुँदै आएको मन्दिरमा हाल पुरातत्व विभागको सहयोगमा मन्दिरको पुनःनिर्माणलगायतका कामहरू भएका छन् ।

मन्दिर पुनर्निर्माणका क्रममा कालिका भगवतीको यसअघि रहेको मूर्तिमा केही क्षति पुगेपछि हालै अर्को मूर्ति समर्पण गरिएको मन्दिर संरक्षण समितिका कोषाध्यक्ष सरोज भण्डारीले जानकारी दिनुभयो ।

मन्दिरमा नियमित पूजाआजाका अतिरिक्त बडा दशैं र चैते दशैंमा प्राचीन खुँडा, तरबारको पूजासहित बलि पूजा हुने गरेको छ । मन्दिरका पूजारी गोविन्दप्रसाद अधिकारीका अनुसार मन्दिरमा बडा दशैंमा नियमित रुपमा चण्डी, दुर्गा कबच पाठपारायण हुनुका साथै फूलपातीका दिन फूलपाती बढाइ, नेपाली सेनाबाट सलामी, कालरात्रि एवम् आफ्नो भाकल र मनोकांक्षा पूरा गराउन बलि दिने प्रचलन छ । मन्दिरमा पूजा गर्नाले आरोग्यता, मानसिक शान्ति, पारिवारिक सुखशान्ति, निःसन्तानलाई सन्तान प्राप्तीका साथै मनले चिताएको पुग्ने विश्वास रहेको उहाँले बताउनुभयो ।


मन्दिरलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य राखिएको पोखरा महानगरपालिका-२८ का वडाध्यक्ष श्रीकृष्ण लामिछाने बताउनुहुन्छ ।

तीन सय वर्षभन्दा बढीको इतिहाससँगै उच्च स्थानमा भएका कारण यहाँबाट हिमाली दृश्यावलोकन आदिका लागि धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने धेरै सम्भावना रहेको उहाँले बताउनुभयो ।

मन्दिरसम्म आइपुग्नका लागि अधिकांश बाटाहरू व्यवस्थित भैसकेका छन् । मन्दिरमा आउनका लागि पृथ्वीराजमार्ग अन्तर्गत विजयपुर आर्मी ब्यारेक, कालिकाचोक, बुढी बजार, अर्घौं, डाँडाको नाकलगायत स्थानबाट करिब सात आठ किलोमिटरको दूरीमा सवारीसाधनबाट आउन सकिन्छ भने यहाँ शिशुवा, बेगनास ताल, भगवतीटार, मादीवेसी, सुनपदेली, काहुँखोला आदि स्थानबाट पनि आउन सकिन्छ ।

अर्घौं मौलाकालिका यस क्षेत्रको विशिष्ट धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदा भएको लेखनाथ उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष छत्रधर आत्रेयले बताउनुभयो । यसको महत्वलाई उजागर गर्नु अपरिहार्य भएको बताउँदै उहाँले यस सम्पदाको संरक्षणसँगै यसलाई पर्यटन राजधानी पोखराको धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने धेरै सम्भावनाहरू रहेको उल्लेख गर्नुभयो ।रासस

# सरकार रुपान्तरणकारी बजेट ल्याउने तयारीमा छः अर्थमन्त्री पुन



काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटले कठोर नीति ल्याउनेभन्दा पनि सुधारात्मक र रुपान्तरणकारी योजना तथा कार्यक्रम ल्याउने बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले विहिबार आयोजना गरेको पूर्व-बजेट छलफलका क्रममा अर्थमन्त्री पुनले अर्थतन्त्रमा अहिले देखिएको शिथिलता हटाउन सरकारले निजी क्षेत्रको खस्केको मनोबल उकास्ने र केही क्षेत्रमा सुधारात्मक तथा रुपान्तरणकारी नीति अवलम्बन गर्ने बताउनुभएको हो।

“अर्थतन्त्र शिथिल छ, तर हामी सुधारोन्मुख छौँ र सुधार हुनेमा आशावादी छौँ । निजी क्षेत्रको मनोबल बढाउने कुरालाई प्राथमिकता दिन्छौँ। निजी क्षेत्रको मनोबल उकास्न सरकारका तर्फबाट सहजीकरण हुन्छ”, उहाँले भन्नुभयो, “सुधारका लागि केही कठोर भएर हस्तक्षेपकारी नीति अवलम्बन गरिनुपर्छ भनेर सुझाव आएका छन् । तर हामी अतिमा जाँदैनौँ। केही क्षेत्रमा सुधार गरेर मात्र हुँदैन रुपान्तरण नै गर्नुपर्ने हुन्छ।”

सरकार निजी क्षेत्रको लगानी, व्यवसाय र सम्पत्तिको सुरक्षा गर्न प्रतिबद्ध रहेको उहाँको भनाइ थियो । सरकारका नीतिबीच एकरुपता र सामञ्जस्यता कायम गरिने दाबी पनि उहाँले गर्नुभयो। “वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता हुने कुरामा सरकार प्रतिबद्ध छ। नीति तथा कार्यक्रम एकातिर, बजेट अर्कैतिर र मौद्रिक नीति अर्कै ढङ्गले आउने भन्ने हुँदैन। बजेटबाटै मौद्रिक नीतिका व्यवस्था ल्याइएका उदाहरण पनि छन् । सरकारका निकायबीच फरकफरक सोच राखेर हुँदैन”, अर्थमन्त्री पुनले भन्नुभयो।

आगामी आर्थिक वर्षको बजेटमार्फत करको दर परिवर्तन गर्दा आवश्यकता र औचित्य पुष्टि हुनेगरी गरिने पनि अर्थमन्त्री पुनले बताउनुभयो । “हामी कुनै प्रभावमा परेर करका दर हेरफेर गर्दैनौँ । पुष्ट्याइँ र कारणसहित तीन महले बनाएर आर्थिक ऐन आउँछ । के-कति कारणले राजस्वका दर हेरफेर भए भनेर खुलाउँछौँ”, उहाँले भन्नुभयो, “विकासका नीतिमा पनी हेरफेर गर्ने र खर्च गर्ने क्षमता बढाउने गरी अघि बढ्छौँ। दोहोरो अङ्कको आर्थिक वृद्धि सम्भव नभए पनि साढे सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुनेमा हामी आशावादी छौँ।”

त्यस अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजार माग र आपूर्ति दुवै घटेका कारण समग्र अर्थतन्त्र समस्यामा परेको बताउनुभयो । सरकारले अध्यादेशमार्फत छोटो समयमा कानुन परिवर्तन गरेर लगानी वातावरण बनेको सन्देश दिएको उहाँले दाबी गर्नुभयो । आगामी आवको बजेटले निजी क्षेत्रका माग र सुझावलाई प्राथमिकतामा राख्नुपर्ने पनि उहाँले बताउनुभयो । सरकारको बजेट र मौद्रिक नीतिबीच तालमेल र एकरुपता हुनुपर्ने सुझाव पनि उहाँले दिनुभयो । आगामी आर्थिक वर्षको बजेटबाट लगानी दशक घोषणा गरिनुपर्ने, ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्ने उद्योगलाई सहुलियत दिनुपर्ने उहाँको भनाइ थियो।

बैंक तथा वित्तीय संस्थाको मर्जर र प्राप्तिमा लगाएको करले गलत सन्देश गएको पनि उहाँले बताउनुभयो । त्यस्तै निजी क्षेत्रलाई नियमन र निगरानी गर्ने संस्था धेरै हुँदा समस्या भएको ढकालको बुझाइ थियो।

“नियामक र निगरानी गर्ने संस्था धेरै भए। यसले निजी क्षेत्रलाई समस्यामा पारेको छ। धेरै वटा निकायबाट नियमन अनुगमन हुँदा समस्या छ”, उहाँले भन्नुभयो, “बैंक तथा वित्तीय संस्थाले धेरै पैसा कमाए भन्ने भाष्य बनेको छ । तर अहिले धेरै बैंक तथा वित्तीय संस्था समस्यामा छन्। उनीहरूका लागि केही विशेष व्यवस्था आवश्यक छ ।” सरकारको पुँजीगत खर्च कम भएको र खर्च भएको ठाउँमा पनि निर्माण व्यवसायीले भुक्तानी नपाउँदा समस्या रहेको उहाँले उल्लेख गर्नुभयो। नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले अहिले उत्पादन र निर्माण क्षेत्रमा नकारात्मक वृद्धिदर दर देखिएकामा राष्ट्रिय पुँजी निर्माणमा समस्या हुने बताउनुभयो। बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने व्यवसायीको सङ्ख्या बढिरहेको उहाँको भनाइ छ । कोभिडपछि सरकारले लिएका सङ्कुचित वित्त र मौद्रिक नीतिका कारणले अर्थतन्त्रमा शिथिलता आएको पनि उहाँले बताउनुभयो।

चालू आर्थिक वर्षमा तीन दशमलव तीन प्रतिशतको आर्थिक वृद्धिदर प्रक्षेपण गरिएकामा आर्थिक शिथिलताको अन्त्य गर्न निजी क्षेत्रलाई नीतिगत संरक्षण गर्नुपर्ने उहाँको भनाइ छ । आर्थिक मन्दीका कारण निजी क्षेत्रको सम्पत्तिमा ५० प्रतिशतसम्म ह्रासकट्टी भएको उहाँले बताउनुभयो । सरकारको राजस्व बढाउन निजी क्षेत्रलाई प्रताडित बनाइएको आरोप पनि उहाँले लगाउनुभयो। “करका दर मात्र बढाएर राजस्व बढ्दैन। चोरी पैठारी रोकिनुपर्छ। सरकारको राजस्व बढाउन निजी क्षेत्रलाई प्रताडित नबनाइयोस्”, उहाँले भन्नुभयो। उहाँले आयकर ऐन संशोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अहिले समग्र मागमा सङ्कुचन आएका कारण निजी क्षेत्र लगानी बढाउनेभन्दा पनि भएको लगानी कसरी बचाउने भन्नेतर्फ केन्द्रित हुन थालेका बताउनुभयो।“हामी कुनकुन नीतिका कारण यो अवस्थामा आएका हौँ भन्ने समीक्षा गरिनुपर्छ। निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गरिनुपर्छ। निजी क्षेत्रमा कर्जा धेरै गएको र त्यसको दुरुपयोग भएको भन्ने भाष्य सही होइन। हाम्रा सङ्कुचित नीतिका कारण पुँजी निर्माण घटिरहेको छ”, अग्रवालले भन्नुभयो।

बजेट ठूलो आकारमा ल्याउन स्रोतमा दबाब पर्छ र स्रोतको दबाब थेग्न निजी क्षेत्रमाथि करको भार थप्न नहुने उहाँले बताउनुभयो । पूर्वाधारमालगानीकेन्द्रितगरेरबजेट आउनुपर्ने आवश्यकता अग्रवालले औँल्याउनुभयो।आयातितवस्तुको गुणस्तर र लेबलिङ आवश्यक रहेको, मूल्य अभिवृद्धिकर (भ्याट) बहुदरमा जानुपर्ने, कच्चा पदार्थ र उत्पादित वस्तुमा दुई तहको भन्सार कर लगाउनुपर्नेलगायत सुझाव उहाँले दिनुभयो।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनील केसीले अहिले बैंकिङ क्षेत्र ऐतिहासिकरुपमा अप्ठ्यारो अवस्थामा रहेको बताउनुभयो । “बैंकिङ क्षेत्रसँग रु पाँच खर्ब लगानीयोग्य रकम थुप्रिएको छ। निजी क्षेत्रको मनोबल नबढेसम्म कर्जा लगानी पनि बढ्दैन। अब साना तथा मझौला उद्योगलाई सहुलियत दिनेभन्दा पनि वित्तीय पहुँच बढाइनुपर्छ”, केसीले भन्नुभयो। डिलिटल कर्जासम्बन्धी व्यवस्था लागू गर्न पूर्वाधार तयार पारिनुपर्ने, उधारो उठाउने कानुन प्रभावकारी बन्नुपर्ने, कर्जा बढाउन पूर्वाधारमा लगानी बढाउनुपर्ने, विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश गराउनुपर्ने, सूचना प्रविधि र स्टार्टअपमा लगानी गर्नका लागि च्यालेन्ज फण्ड र ब्लेन्डेन फाइनान्सलगायतका सुविधा कार्यान्वयन गरिनुपर्नेलगायत सुझाव उहाँले दिनुभयो।

बैंकको खराब कर्जा बढेको र लागतको प्रतिफल घटेको, सबैभन्दा बढी खराब कर्जा निर्माण क्षेत्रमा देखिएको, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको आवश्यकता रहेको, बैंक तथा वित्तीय संस्थामा काउन्टर साइक्लिकल बफर केही समय लगाउन नहुने तथा वित्तीय संस्थामा विदेशी पुँजी भित्र्याउनुपर्ने, हेजिङसम्बन्धी व्यवस्था प्रभावकारी कार्यान्वयन गरिनुपर्ने, हरित वित्तलाई प्रवर्द्धन गर्नुपर्नेलगायत सुझाव उहाँले दिनुभयो ।स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) अध्यक्ष गणेश कार्कीले जलविद्युत् क्षेत्रमा भ्याट फिर्ता दिने भनेर अघिल्ला आर्थिक वर्षका बजेटमा भ्याट छुट गर्ने भनेकामा त्यसलाई प्रभावकारी कार्यान्वयन गरिनुपर्ने बताउनुभयो।

“जलविद्युत् क्षेत्रमा रु ६१ खर्ब लगानी चाहिन्छ भन्ने अनुमान गरिएको छ । तर लगानी बढ्न सकेको छैन । जलविद्युत् क्षेत्रमा बीमाको ठूलो समस्या पर्दैछ । आयोजनाले बीमा नवीकरण गर्न छोडे”, उहाँले भन्नुभयो। विद्युत् प्रसारणलाइन र विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश दिइनुपर्ने सुझाव उहाँले दिनुभयो। बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) का अध्यक्ष उपेन्द्र पौडेलले सङ्कुचित नभई विस्तारित बजेट ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । बजार खपत बढाउन कर घटाउनु आवश्यक रहेको र करको दायरा बढाउनुपर्ने पौडेलको भनाइ छ। उहाँले कर छली भइरहेको पनि दाबी गर्नुभयो । बजेटले कृषि क्षेत्रलाई प्राथमिकता राख्नुपर्ने सुझाव उहाँले दिनुभयो।

“बैंक तथा वित्तीय संस्थामा खराब कर्जा बढेको छ। निर्माण क्षेत्रमा सरकारले भुक्तानी गर्न नसक्दा त्यो क्षेत्रको खराब कर्जा बढेको छ । सरकारले भुक्तानी दिने हो भने खराब कर्जा कम हुन्छ । बैंकिङ क्षेत्रमा विदेशी लगानी ल्याउनैपर्छ”, उहाँले भन्नुभयो ।काठमाडौँ विश्वविद्यालयकारजिस्टारएवंअर्थविद् अच्युत वाग्लेले अर्थतन्त्रको समस्याबारे सबैलाई थाहा भए पनि त्यसको समाधान कसरी गर्ने भनेर काम गर्न नसकेको बताउनुभयो। सरकारले कठोर भएर एकपटक हिम्मतका साथ रुपान्तरणकारी बजेट ल्याउन सक्नुपर्ने उहाँको भनाइ छ। उत्पादकत्व र रोजगारी बढाउनका लागि क्षेत्र पहिचान हुन नसकेको उहाँले बताउनुभयो।

उपभोक्ता, लगानीकर्ता, बजार र सरकारको मनोबल उकास्न आवश्यक रहेको उहाँको भनाइ छ । नयाँ राजस्वका स्रोत खोजिनुपर्नेमा उहाँले जोड दिनुभयो । “कृषि क्षेत्र प्राथमिकतामा छ भन्दैगर्दा स्थानीय तहमा कृषि गर्ने ठाउँ कहाँ हो भनेर स्पष्ट छैन। व्यावसायिक कृषिका लागि जग्गाको व्यवस्थापन हुन सकेको छैन । एउटा पनि योजनाबद्ध सहर बन्न सकेको छैन। सूचना प्रविधि क्षेत्रका लागि आइटी पार्क हामीसँग छैन”, उहाँले भन्नुभयो। उत्पादन भएका वस्तुको आपूर्ति शृङ्खला तयार पारिनुपर्ने सुझाव उहाँले दिनुभयो।

डिजिटल अर्थतन्त्र निर्माण र त्यसको नियमन गर्न संरचना तयार पारिनुपर्ने, बढी मूल्य अभिवृद्धि भएका वस्तु र क्षेत्रमा कम ब्याजदर लगाइनुपर्ने, सहकारी अर्थतन्त्रको तेस्रो खम्बा होइन भनेर संविधानमै पुनःपरिभाषित गरिनुपर्ने, राजस्वका क्षेत्र बढाउन न्यून बिजकीकरण (अन्डर इन्भ्वाइसिङ) नियन्त्रण गर्नुपर्ने, १६औँ आवधिक योजनाले जनशक्ति व्यवस्थापनलाई महत्व नदिएको लगायत विषय उहाँले उठाउनुभयो।

साना तथा मझौला उद्योगको नियमन र दर्ता पालिकामा हुनुपर्ने, वित्तीय र मौद्रिक नीतिको तालमेल मिल्नुपर्ने, केन्द्रीय बैंकको स्वायत्तता कायम राखेर नीतिगत सामञ्जस्यता गर्नुपर्नेलगायत सुझाव वाग्लेले दिनुभयो ।होटल सङ्घ नेपालका पूर्वअध्यक्ष सिर्जना राणाले होटल क्षेत्रलाई उत्पादनमूलक क्षेत्रले पाउने सुविधा उपलब्ध गराउनुपर्ने, भारतीय पर्यटकले नेपालमा आउँदा बोक्न मिल्ने रकमको सीमा रू २५ हजारबाट बढाउनुपर्ने, विलाशिता करमा छुट दिइनुपर्नेलगायतका सुझाव दिनुभयो।

अर्थसचिव मधुकुमार मरासिनीले अर्थतन्त्रको तथ्यगत विश्लेषण गरेर उपचारात्मक विधि अवलम्बन गर्नुपर्ने र प्रदेश र स्थानीय तहलाई पनि उत्पादनको इञ्जिनका रुपमा विकास गर्न आवश्यक रहेको बताउनुभयो । “यो रुपान्तरणका लागि अवसर पनि हो । निराशालाई आशामा बदल्न केही त गर्नै पर्छ । आत्मविश्वास जगाउने र आशा जगाउने गरी बजेट आउँछ”, उहाँले भन्नुभयो, “न्यून आर्थिक वृद्धिदरको समस्या हरेक वर्ष दोहोरिरहेको छ भने हाम्रो आफ्नै क्षमतामा कहिँकतै समस्या छ। यसमा हामी गम्भीर छौँ।” आगामी आर्थिक वर्षको बजेटले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने मरासिनीको भनाइ छ। नीतिगत स्थिरता तथा सरकारका नीतिबीच सामञ्जस्यताको आवश्यकता उहाँले औँल्याउनुभयो।

नेपाल अटोमोबाइल्स एशोसिएसन नेपाल नाडाका अध्यक्ष करण चौधरीले अटोमोबाइल्स क्षेत्र समस्यामा परेको बताउनुभयो । विद्युतीय सवारीमा मूल्यको तुलनामा कर्जा धेरै पाउने गरेको, सन्दर्भ मूल्यसूचीले समस्यामा परेको, मेक इन नेपाल नीति प्रभावकारी हुन नसकेको, अटो क्षेत्रलाई अनुत्पादक क्षेत्र भनेर राज्यले प्राथमिकतामा नराखेको, कालोसूचीमा रहेका व्यवसायीले कर चुक्ताको प्रमाणपत्र ल्याउने गरेको लगायत विषय उठाउनुभयो ।रासस

# विभेदकारी शैलीकै कारण पार्टी विभाजन भएको जसपा अध्यक्ष राइको भनाई

टुडे समाचारदाता




काठमाण्डु । नवगठीत जनता समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राईले उपेन्द्र यादवको विभेदकारी नीतिकै कारण पार्टी विभाजनको कारक बनेको बताएका छन्।

पार्टी विभाजन र नयाँ दल गठनका सम्बन्धमा जानकारी दिन विहिबार आयोजित पत्रकार सम्मेलनमा उनले अध्यक्ष यादवबाट हुँदैआएको अपारदर्शी निर्णय र कार्यकर्ताबीच गर्ने विभेदकारी शैलीले पार्टी विभाजनका लागि मलजल गरेको स्पष्ट गरेका हुन् । अध्यक्ष राईले भने,“पार्टीको सङ्गठनात्मक सिद्धान्तअनुरूप आन्तरिक लोकतन्त्रको अभ्यास नगर्ने र प्रदेशलाई आफ्नो अधिकार प्रयोग गर्न नदिनेतर्फ पार्टी नेतृत्व उद्दत हुनेजस्ता कारणले पार्टीमा गम्भीर वैचारिक र सैद्धान्तिक मतभेद् रह्यो । त्यसैकारण एकैठाउँमा रहन सकिएन ।”उनले सामूहिक नेतृत्व र समावेशी प्रतिनिधित्वको नीतिविपरीत हुनेगरी अध्यक्षात्मक प्रणालीमा जस्तो एकल निर्णय गर्ने तथा सिद्धान्तमा सङ्घीय ढाँचाको पार्टी भन्ने गरे पनि व्यवहारमा जिल्ला र पालिकालाई हस्तक्षेप गर्ने प्रवृत्तिले सङ्गठनात्मक समस्यासमेत देखिएको बताए।

पार्टीका महासचिव मोहम्मद इस्तियाक राईले तत्कालीन अध्यक्षले पार्टीका वरिष्ठ नेता नभएका बेला आफू अनुकूल निर्णयगरी विदेश भ्रमणमा निस्कनु तथा पार्टीको आधिकारिक निर्णयविपरीत मौखिकरूपमा कार्य जिम्मेवारी हेरफेर गर्ने कार्य गरेको आरोप लगाएका थिए । “सरकारमा रहेका सम्बन्धित मन्त्रीलाई जानकारी नगराई मन्त्रालयका उच्च पदस्थ कमचारीलाई दबाबमूलक र आफू अनुकूल काम गर्न निर्देशन दिने कार्यशैलीले पनि दल विभाजन गर्न बाध्य बनाएको हो”, उनले भने । सामूहिक नेतृत्व, समावेशी प्रतिनिधित्वको आधारमा पार्टीको मागदर्शक सिद्धान्त सङ्घीय समाजवाद र सङ्गठनात्मक सिद्धान्त लोकतान्त्रिक विकेन्द्रीकरण हुने र सोहीअनुसार पार्टी सञ्चालन गरिने महासचिव राईले बताए।

नव गठित पार्टीले अब जनहितका पक्षमा सडक, सदन र सरकारका मोर्चाबाट एकैपटक खबरदारी र सशक्त भूमिका निर्वाह गर्ने सो पार्टीका नेताहरूको भनाइ छ। यस्तै देशमा विद्यमान सबैखाले समस्याको समाधान गर्न संवैधानिक र कानूनी व्यवस्थासमेत समयानुकूल सशोधन र परिवर्तन गर्दै जनताप्रति जिम्मेवार सामाजिक र उत्तरदायित्व बोकेको दलका रूपमा नयाँ दलले काम गर्ने त्यस अवसरमा वितरित प्रेस विज्ञप्तिमा उल्लेख छ ।पत्रकार सम्मेलनमा पार्टी नेता राजेन्द्र श्रेष्ठ, प्रदीप यादव, रेणु यादव, वीरेन्द्र महतो, सुशीला श्रेष्ठ, रञ्जु झालगायत उपस्थित रहेका थिए।

# उपराष्ट्रपति यादव र नर्वेका राजदूत ड्रामडलबीच शिष्टाचार भेट



काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि नर्वेका राजदूत तोरुन ड्रामडलले विहिबार शिष्टाचार भेट गर्नुभएको छ। सो अवसरमा उहाँहरु बीच द्विपक्षीय सम्बन्धका विविध पक्षमा लोकतन्त्र, विषयमा छलफल भएको थियो। उपराष्ट्रपति यादवले नर्वे नेपालको घनिष्ट मित्रराष्ट्र भएको उल्लेख गर्दै सन् १९७३ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल र नर्वेबीचको सम्बन्ध मैत्रीपूर्ण तथा सौहार्द्रपूर्ण रही आएको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ । “लोकतन्त्र, मानवअधिकार र सामाजिक न्याय हाम्रा दुई देशका साझा मूल्य र मान्यताहरू हुन्”, उहाँले भन्नुभयो, “उच्चस्तरीय राजनीतिक नेतृत्व तथा कूटनीतिक तहमा भ्रमणको आदानप्रदान तथा संवाद, विकास सहयोग, जनस्तरको सम्बन्ध, लगानी तथा व्यापार, पर्यटन आदि नेपाल-नर्वे सम्बन्धका आधारस्तम्भ हुन्। आपसी हितका लागि यी क्षेत्रहरुमा थप सहकार्य गर्नु आजको आवश्यकता हो। ”सो अवसरमा नेपालका लागि नर्वेका राजदूत ड्रामडलले नेपाल र नर्वेबीच धेरैको कुरामा समानता रहेको उल्लेख गर्दै नर्वेमा पनि तीन तहको सरकार रहेको बताउनुभयो। उहाँले नर्वेलेहाइड्रोपावर,विद्युत्प्रसारणलगायतका क्षेत्रमा सहयोग गर्दै आएको जनाउँदै नेपालको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले नर्वेको निजी लगानीकर्ताहरुलाई नेपाल भित्र्याउने आफू प्रयासरत रहेको बताउनुभयो। रासस

# कांग्रेसले स्व नेता गुरुङको सम्मानमा पार्टीको झण्डा आधा झुकाउने



काठमाण्डु । नेपाली कांग्रेसले पूर्वकेन्द्रीय सदस्य, संविधानसभा सदस्य एवं पूर्वमन्त्री सूर्यमान गुरुङको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ । कांग्रेस केन्द्रीय कार्यसमितिको विहिबार बसेको आकस्मिक बैठकले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ।

बैठकले नेता गुरुङको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जलि अर्पण गरेको छ। साथै दिवङ्गत आत्माको चीरशान्तिको कामना साथ शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ ।स्व गुरुङप्रति सम्मान प्रकट गर्दै बैठकले शोक कार्यक्रमअन्तर्गत वैशाख २७, २८ र २९ गते तीन दिनसम्म पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र सबै जिल्ला कार्यालयमा झण्डा आधा झुकाउने निर्णय गरेको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

त्यस्तै वैशाख २८ गते पार्टीको केन्द्र, प्रदेश तथा जिल्ला कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयमा शोक पुस्तिका राख्ने र स्वर्गारोहणको १३औँ दिनमा सम्बन्धित जिल्लामा शोकसभाको आयोजना गर्ने निर्णय गरेको छ।नेता गुरुङको यही वैशाख २५ गते काठमाडौँ ज्ञानेश्वरस्थित हिमाल अस्पतालमा उपचारका क्रममा निधन भएको हो। विसं २०१४ को भद्र अवज्ञा आन्दोलनमा सहभागी भई कांग्रेसको राजनीतिक यात्रा प्रारम्भ गर्नुभएका स्व गुरुङलाई २०१७ सालमा प्रजातन्त्र अपदस्थ पछि तत्कालीन व्यवस्थाले पक्राउ वारेन्ट जारी गरेको थियो।

तत्पश्चात् उहाँ भारतको दार्जिलिङ निर्वासित भई सशस्त्र सङ्गठनमा सक्रिय रहनुभएको थियो । विसं २०१८ फागुन २२ गते च्याङथापुमा श्रीजङ्ग गुल्ममा आक्रमण गरी कब्जा गर्दाको समयमा र २०१८ साल चैत १७ गते ताप्लेजुङ अदालत, प्रहरी कार्यालय र जेल कब्जा गरी कैदीलाई मुक्त गरेको अभियोगमा उहाँलाई ट्रिबुनलले जन्म कैदको फैसला गरेको थियो ।लोकतन्त्र स्थापनाका लागि गरिएका सङ्घर्षका क्रममा गुरुङले पटकपटक जेल जीवन, भारत निर्वासन, नजरबन्द, सम्पत्ति रोक्काजस्ता विविध व्यवधान बेहोर्नुभएको थियो।

कांग्रेस ताप्लेजुङको पटकपटक जिल्ला सभापति, नेपाल आदिवासी जनजाति सङ्घका पूर्वकेन्द्रीय सभापति, नेपाल किसान सङ्घका पूर्वकेन्द्रीय महासचिव, कांग्रेस केन्द्रीय क्रियाशील सदस्यता छानविन समितिको पूर्वसदस्यजस्ता विभिन्न पदीय जिम्मेवारीमा रहेर उहाँले कुशलतापूर्वक कार्य गर्नुभएको थियो।

विसं १९९८ वैशाख १० गते पिता भगीमान गुरुङ र माता मनमाया गुरुङको सुपुत्रका रुपमा जन्मनुभएका गुरुङले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो। उहाँको सक्रिय योगदान पार्टीको इतिहासमा सदा स्मरणीय रहने पार्टी कार्यालयले जनाएको छ ।रासस


## एकता बचत तथा ऋण सहकारी संस्था लि.

जनकपुरधाम, धनुषा, नेपाल

### कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०८१/०१/२८

यस एकता बचत तथा ऋण सहकारी संस्था लि. बिगत् १२ बर्ष देखि निरन्तर सेवा प्रदान गर्दै आएको संस्था हो। यस संस्था को व्यापार विस्तार र अझै प्रभावकारी सेवा दिने योजना अनुरुप यस क्षेत्रमा काम गर्न इच्छुक नेपाली नागरिकहरुको लागि यही मिति २०८१/०२/०४ सम्ममा यस संस्थाको कार्यालयमा उपस्थित भई वा इमेल मार्फत आवेदन दिनु हुने यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**


| क्र. स. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | ACEO | १ | मान्यता प्राप्त संस्थाबाट स्नाकोत्तर तह उतिर्ण गरि कम्तिमा ५ वर्ष व्यवस्थापकीय कार्यमा अनुभव भएको |
| २ | Branch Manager | २ | मान्यता प्राप्त संस्थाबाट स्नात्तक तह उतिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| ३ | Loan Manager ( Relationship) | २ | मान्यता प्राप्त संस्थाबाट स्नात्तक तह उतिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| ४ | Deposit Manager (Relationship) | २ | मान्यता प्राप्त संस्थाबाट स्नात्तक तह उतिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| ५ | Marketing | २ | मान्यता प्राप्त संस्थाबाट १०+२ तह उतिर्ण गरेको |
| ६ | CSD | २ | मान्यता प्राप्त संस्थाबाट १०+२ तह उतिर्ण गरेको |
| ७ | Teller | २ | मान्यता प्राप्त संस्थाबाट १०+२ उतिर्ण गरेको |

१. आवेदकहरुले आवेदनमा आफुले काम गर्न चाहेको पद, अनुभव र सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी र Bio-Data सहित यस संस्थाको कार्यालयमा उपस्थित भई वा Email: ektasavingjnk@gmail.com मा मिति २०८१/०२/०४ गते सम्ममा पठाउनु पर्ने छ।
२. छनौटको किसिमः प्रारम्भिक रुपमा छनौट सूचीमा परेका प्रतिस्पर्धीहरुलाई अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ।
३. सवारी साधन र अनुमति पत्र प्राप्त लाई प्राथमिकता दिइने छ।
४. जनकपुर वाहिर को प्रतिभाहरुलाई वासको सुविधा दिइने छ।

# विजय दिवसको सम्बोधनमा आणविक शक्तिहरू ‘सधैँ सतर्क’ रहेको पुटिनको भनाइ

एएफपी

मस्को । राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार आफ्नो आणविक शक्तिहरू सधैँ ‘सतर्क’ रहेको भन्दै रुसले पश्चिमबाट आउने कुनै पनि धम्कीलाई सहन नसक्ने चेतावनी दिनुभएको छ।



औपचारिक पोशाकमा सजिएका हजारौँ सैनिकसामु रेड स्क्वायरमा एक अपमानजनक सम्बोधनमा उहाँले युक्रेनमा लडिरहेका आफ्नो सेनाको प्रशंसा गर्नुभयो र ‘पश्चिमी सम्भ्रान्तहरू’ लाई विश्वभर द्वन्द्व फैलाएको आरोप लगाउनुभयो । “रुसले विश्वव्यापी द्वन्द्व रोक्न सबै कुरा गर्नेछ तर यही समयमा हामीलाई धम्की दिन कसैलाई पनि अनुमति दिनेछैनौँ, हाम्रा रणनीतिक शक्तिहरू सधैँ सतर्क छन्”, विजय दिवस परेडलाई सम्बोधन गर्दै पुटिनले भन्नुभयो, “प्रिय साथीहरू, रुस अहिले कठिन र निर्णायक अवधिबाट गुज्रिरहेको छ, मातृभूमिको भाग्य, यसको भविष्य हामी प्रत्येकमा निर्भर गर्दछ।”


मे ९ को परेड दोस्रो विश्वयुद्धमा सोभियत सङ्घमा नाजी जर्मनीको हारको प्रतीक हो र पुटिनले मुलुकलाई युद्धस्तरमा बलियोसँग अगाडि बढाइरहनुभएकाले यो दिन सबैभन्दा महत्त्वपूर्ण सार्वजनिक बिदा भएको छ। रुसी राष्ट्रपतिले बारम्बार युक्रेनविरुद्धको हालको लडाइँलाई ‘नाजीवाद’ विरुद्ध अस्तित्वको लडाइँका रूपमा प्रस्तुत गर्नुभएको छ । उहाँले आफ्नो आणविक अभिव्यक्तिलाई पनि बढाउनुभएको छ । यसै साताको सुरुमा उहाँले रुसी सेनालाई युक्रेन नजिकै रहेको नौसेना र सैनिकहरू सम्मिलित आणविक हतियार अभ्यासन गर्न आदेश दिनुभयो।

गत वर्ष रुसले व्यापक आणविक परीक्षण प्रतिबन्ध सन्धिको अनुमोदनलाई त्याग्यो र संयुक्त राज्य अमेरिकासँगको प्रमुख हतियार कटौती सम्झौताबाट बाहिरियो । रेड स्क्वायरमा आयोजना गरिने विजय दिवस परेडमा उन्नत मिसाइल र वायु रक्षा प्रणालीसहत रुसी सैन्य उपकरणहरूको स्तम्भका साथै हजारौँ सैनिक सहभागी हुन्छन्।

रुसले प्राय ‘मैत्रीपूर्ण’ ठानेका मुलुकका प्रतिनिधिहरूलाई यो कार्यक्रममा आमन्त्रित गर्दछ । यद्यपि पश्चिमसँगको गतिरोधका बीच सन् २०२२ को प्रारम्भमा युक्रेनमा सेना पठाउनुअघि नै प्रतिनिधिहरूको उपस्थिति कम भएको छ। रुसी राज्य मिडियाले क्रेमलिनका एक सहयोगीलाई उद्धृत गर्दै बिहीबारको परेडमा आठ विश्व नेता सहभागी हुन लागेको यसै साता बताएको थियो । तिनीहरूमा पाँच पूर्वसोभियत मुलुक बेलारुस, कजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान र तुर्कमेनिस्तानका साथै क्युबा, लाओस र गिनी-बिसाउका नेताहरू हुन्।

पुटिनको विजय दिवसको सम्बोधन उहाँको सेनाले युक्रेनमा प्रगति हासिल गरेको र आफ्नो अभूतपूर्व पाँचौँ कार्यकालको सपथ लिनेबित्तिकै आएको छ। एकहत्तर वर्षीय क्रेमलिन प्रमुखले यस शताब्दीको प्रारम्भदेखि नै रुसमा शासन गर्नुभएको छ। उहाँले मार्चमा सबै विपक्षीहरूबिना राष्ट्रपति निर्वाचन जितेपछि छ वर्षका लागि नयाँ जनादेश प्राप्त गर्नुभएको छ।

# बिरामी बिदा हडतालपछि एयर इन्डियाका ७४ बजेट उडान रद्द



एएफपी

मुम्बई । अन्तिम समयमा चालक दलका दर्जनौँ सदस्यले बिरामी भएको भन्दै सञ्चालनमा गम्भीर अवरोध गरेको एक दिनपछि एयर इन्डियाको बजेट वाहक सहायक कम्पनीले बिहीबार ७४ वटा उडानहरू रद्द गरेको छ । भारी ऋणग्रस्त वाहकलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय समूह टाटा समूहले एयरलाइनलाई अधिग्रहण गरेको थियो ।मिडिया रिपोर्टले अचानक सामूहिक बिरामी बिदालाई यसको नयाँ स्वामित्वले लगाएको भर्ती र पदोन्नतिको नयाँ नीतिहरूमा कर्मचारीहरूको असन्तुष्टिसँग जोडेको छ।“हाम्रा पाहुनाहरूलाई असुविधा कम गर्न हरसम्भव प्रयास गरिएको छ तर बिहीबार ७४ वटा उडान रद्द गर्न बाध्य भएका छौँ”, एयर इन्डिया एक्सप्रेसले विज्ञप्तिमा भनेको छ । कर्मचारी अभावका कारण मङ्गलबारदेखि ९० भन्दा बढी उडान ‘अवरुद्ध’ भएको एयरलाइन्सले बुधबारको विज्ञप्तिमा जनाएको थियो।

प्रमुख कार्यकारी आलोक सिंहले आगामी दिनमा एयरलाइन्सले आफ्नो उडान तालिका घटाउन बाध्य भएको बताउनुभयो। “हिजो साँझदेखि हाम्रा एक सयभन्दा बढी चालक दलका सदस्यहरूले आफ्नो निर्धारित ड्युटीअघि अन्तिम समयमा बिरामी भएको सूचना दिनुभयो, यसबाट हाम्रो परिचालन गम्भीररूपमा अवरुद्ध भए”, उहाँले भन्नुभयो, “यो कार्यले निश्चितरूपमा ड्युटीको आग्रहलाई प्रतिक्रिया दिन जारी राख्ने कम्पनीका दुई हजार चालक दलका सदस्यहरूको प्रतिनिधित्व गर्दैन।”

मिडिया रिपोर्टहरूमा बजेट वाहकले कम्तीमा २० कर्मचारीलाई बर्खास्त गरेको जनाइएको छ । एयर इन्डिया एक्सप्रेसका प्रवक्ताले बिहीबार एयरलाइन्सले थप विवरण उल्लेख नगरी केही व्यक्तिविरुद्ध उचित कदम चालेको जानकारी दिनुभयो । “हामीले केही व्यक्तिविरुद्ध उचित कदम चालेका छौँ किनकी उनीहरूको कार्यबाट हाम्रा पाहुनाहरूलाई गम्भीर असुविधा भएको छ”, उहाँले भन्नुभयो।

भारतीय सञ्चारमाध्यमका अनुसार आक्रोशित यात्रुहरूले ढिलाइ र रद्द गरिएका उडानहरूको अपडेट प्रतीक्षा गरिरहेका कारण नयाँदिल्ली विमानस्थलमा बुधबार अराजक दृश्यहरू देखिएको थियो।

# खेल पर्यटन प्रवर्द्धनार्थ ‘काँक्रेबिहार म्याराथन दौड प्रतियोगिता’

कर्णाली । कर्णालीको खेल पर्यटन प्रवर्द्धनका लागि ‘काक्रेबिहार म्याराथन दौड प्रतियोगिता’को दोस्रो संस्करण सञ्चालन हुने भएको छ। मिड वेस्टर्न फिटनेस सेन्टर सुर्खेतले आज वीरेन्द्रनगर सुर्खेतमा पत्रकार भेटघाट कार्यक्रम गर्दै ‘ओलम्पिक डे’को अवसर पारेर आगामी असार ७ गते हाफ म्याराथन दौड प्रतियोगिता सञ्चालन गर्ने भएको हो।



प्रतियोगिताबारे जानकारी दिँदै कर्णाली खेलकुद विकास परिषद्का उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक प्रमोदजङ्ग हमालले कर्णालीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने, खेल क्षेत्रको विकास र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिताको तयारी थालिएको बताउनुभयो।

“कर्णाली खेल क्षेत्रको उर्वर भूमि हो । खेलको माध्यमबाट स्वस्थ नागरिक उत्पादन गर्नुपर्ने उद्देश्य राखेका छौँ”, हमालले भन्नुभयो, “खेलका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्न र यहाँको आर्थिक समृद्धिमा यसले ठूलो सहयोग पुग्ने अपेक्षाका साथ म्याराथन दौड प्रतियोगिताको आयोजना गरिएको हो ।” प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीका साथै यहाँका सबै विद्यालयहरूको प्रतिनिधित्व हुनेगरी दुई हजार विद्यार्थी सहभागी गराइने उहाँले जानकारी दिनुभयो।

मिड वेस्टर्न फिटनेस सेन्टरका अध्यक्ष सञ्जीव हमालले प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र चौथो स्थान प्राप्त गर्ने खेलाडीलाई क्रमशः रु एक लाख, रु ५० हजार, रु ३० हजार र रु २५ हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिनुभयो । प्रतियोगताको पाँचौँदेखि दशौँ स्थानसम्म आउने खेलाडीलाई जनही रु २५ हजार नै प्रदान गरिने उहाँले बताउनुभयो।

अध्यक्ष हमालका अनुसार प्रतियोगितामा सहभागी हुन आउने सुर्खेत बाहिरका सबै खेलाडीलाई आयोजकले नै खाना तथा आवासको व्यवस्था गर्नेछ। कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सहकार्यमा सञ्चालन हुने प्रतियोगितामा प्रदेश सरकारको रु तीन लाख र बाँकी आयोजकले व्यवस्थापन गर्नेगरी रु १५ लाख बजेट खर्च हुने जनाइएको छ।रासस

# खेलकुदका क्षेत्रमा पूर्वाधार विकास गर्न बजेट पुगेनः मन्त्री श्रेष्ठ

काठमाण्डु । युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले खेलकुदका क्षेत्रमा पूर्वाधार विकास र खेलाडीहरुलाई प्रोत्साहनका लागि पर्याप्त बजेट नभएको बताउनुभएको छ।



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको विहिबारको बैठकमा मन्त्री श्रेष्ठले त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशालाका रुपमा विकासका लागि बजेट अभाव रहेको बताउनुभयो । उहाँले मुलपानी, विराटनगरस्थित गिरिजाप्रसाद कोइराला, बैतडीको दशरथ चन्द, कैलालीको फाप्ला र काठमाडौँको सुवर्णशमशेर क्रिकेट रंगशाला निर्माणका लागि कार्यक्रम रहे पनि पर्याप्त बजेट नहुँदा गति सुस्त भएको स्वीकार्नुभयो ।उहाँले १९औँ एसियाली खेलकुद प्रगियोगिताका लागि दुई सय ५३ खेलाडीहरुको स्वदेश र विदेशमा प्रशिक्षण सम्पन्न भएको जानकारी दिनुभयो । उहाँले खेलसम्बन्धी कानुन र राष्ट्रिय युवा नीति संशोधनका लागि गृहकार्य भइरहेको बताउनुभयो।

बैठकमा सांसदहरुले खेल पूर्वाधारहरु एकै पटक धेरैतिर निर्माण गर्न सम्भव नभए छनोटका आधारमा उपयोगी र कम खर्चका संरचना बनाउन, खेल प्रतिभाको खोजी र संरक्षण गर्न, विदेशमा हुने प्रतियोगीतामा खेलाडीभन्दा अन्य व्यक्तिको भीड नपठाउन, खेल क्षेत्रलाई अनुशासित र भ्रष्टाचाररहित तुल्याउन आग्रह गर्नुभएको थियो ।त्यस अवसरमा राष्ट्रिय खेलकुद् परिषद् कासदस्यसचिवटङ्कलालघिसिङले दशरथ रंगशालाको मूल ढोका निर्माण गर्न लागिएको, कीर्तिपुर स्थित क्रिकेट खेल मैदानमा ‘ फ्लड लाइट’ जडानको प्रक्रिया सुरु भएको बताउनुभयो ।रासस

# माल्दिभ्सका विदेश मन्त्री मूसा जमीर भारत भ्रमणमा

एएनआई

नयाँदिल्ली । कूटनीतिक गतिरोधको बीचमा माल्दिभ्सका विदेश मन्त्री मूसा जमीर दुई देशबीचको द्विपक्षीय सम्बन्धबारे छलफल गर्न भारतको औपचारिक भ्रमणमा नयाँ दिल्ली आइपुग्नु भएको छ।



स्रोतका अनुसार भ्रमणको क्रममा दुई पक्षले द्विपक्षीय र क्षेत्रीय मुद्दाहरूमा छलफल गरी बहुआयामिक सम्बन्धलाई गति दिनेछन् । भारतीय विदेश मन्त्रालयले पनि एक्समा उहाँको आगमनको विवरण सार्वजनिक गरेको छ । “माल्दिभ्सका विदेश मन्त्री मूसा जमीरलाई भारतको औपचारिक भ्रमणमा हार्दिक स्वागत छ।”

स्रोतका अनुसार माल्दिभ्सका विदेशमन्त्रीले भारतका परराष्ट्रमन्त्री एस जयशंकरसँग भेट गरी आपसी हितका द्विपक्षीय र क्षेत्रीय मुद्दाहरूमा छलफल गर्नु हुनेछ । नयाँदिल्ली भ्रमणको क्रममा विदेश मन्त्री जमीरले भारतीय विदेश मन्त्री जयशंकरलाई भेटवार्ता गर्नुहुनेछ। “माल्दिभ्स हिन्द महासागर क्षेत्रमा भारतको प्रमुख समुद्री छिमेकी हो र विदेश मन्त्री जमीरको भ्रमणले दुई देशबीचको द्विपक्षीय सहयोगलाई थप गति दिने अपेक्षा गरिएको छ,” भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

भारतले मे १० अघि नै माल्दिभ्सबाट आफ्ना सैन्य कर्मचारीहरू फिर्ता गर्ने बताएको छ। गत मे ३ मा भारत र माल्दिभ्सबीच सम्पन्न द्विपक्षीय उच्चस्तरीय संयन्त्रको चौथो बैठकले मे १० सम्ममा माल्दिभ्सबाट भारतीय सैन्य कर्मचारी हटाउने सहमति गरेका थिए।

यसअघि, राष्ट्रपति मोहम्मद मुइज्जुको नेतृत्वमा रहेको माल्दिभ्स सरकारले औपचारिक रूपमा भारतलाई मालेबाट आफ्नो सेना फिर्ता लिन अनुरोध गरेको थियो ।माल्दिभ्सको विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तीमा दुवै पक्षले विद्यमान द्विपक्षीय सहयोगको समीक्षा गरेको उल्लेख छ । जसमा विकास र रक्षा सहयोग लगायत आपसी हितका विभिन्न मुद्दाहरूमा छलफल भएको थियो।

उच्चस्तरीय समूहको पाँचौँ बैठक आपसी सहमतिअनुसार आगामी जुन/जुलाई महिनामा मालेमा आयोजना गर्ने सहमति भएको छ ।माल्दिभ्सबाट भारतीय सेनालाई हटाउनु मुइज्जुको पार्टीको मुख्य चुनावी अभियान थियो । हाल माल्दिभ्समा डोर्नियर-२२८ समुद्री गस्ती विमान र दुई एचएएल ध्रुव हेलिकप्टर सहित करिब ७० जना भारतीय सैनिक तैनाथ छन्।

# फ्रान्सभर ओलम्पिक ज्वालाको यात्रा सुरु

एपी

मार्सेली ।स्वागत समारोहका लागि भव्य थ्रि-मास्ट जहाजमा आइपुगेको एक दिनपछि मसालवाहकहरूले फ्रान्सको दक्षिणी बन्दरगाह सहर मार्सेलीका सडकमार्फत ओलम्पिक ज्वाला बोक्नेछन्। पेरिसमा जुलाई २६ मा ओलम्पिक खेलकुदको उद्घाटन समारोहसम्ममा चार सय ५० भन्दा बढी सहर हुँदै करिब १० हजार मसालवाहकले मुलुकभर ११ साताको यात्रा सुरु गर्नेछन्।

सन् १९९० को दशकमा मार्सेली टिमबाट खेल्ने पूर्वफुटबल खेलाडी बेसिल बोलीले बिहीबारको पहिलो रिले नोट्रे डेम डे ला गार्डे बेसिलिकाबाट सुरुआत गर्नेछन् । बास्केटबल खेलाडी टोनी पार्करले बिहीबारपछि रिलेमा आफ्नो पालो लिनेछन्। मसाल बोक्नका लागि एक तरबारबाज च्याम्पियन, एक स्केटबोर्डर, एक मिसेलिन-ताराङ्कित सेफ र एक हास्य अभिनेतालाई पनि छनोट गरिएको छ।

मार्सेलीका उत्साही फुटबल प्रशंसकहरूको घर प्रसिद्ध स्टेड वेलोड्रोमको छतमा मसाल लैजानका लागि सहभागीहरूले सहरको सबैभन्दा प्रतीकात्मक स्थानहरूमार्फत दिनभर दौडने तालिका छ।

# दक्षिणी युक्रेनमा रुसी गोलाबारी, दुई युक्रेनी नागरिकको मृत्यु

एएफपी

किभ । युक्रेनले बिहीबार दक्षिणी शहर निकोपोलमा रुसी गोलाबारीमा दुई जनाको मृत्यु भएको जनाएको छ तर बिहीबार राति रुसले प्रहार गरेका २० वटा ड्रोनमध्ये अधिकांश नष्ट गरेको बताएको छ।

सन् २०२२ को अन्त्यदेखि फ्रन्टलाइनमा परिणत भएको डेनिप्रो नदी पार गरेर तैनाथ रूसी सेनाबाट निकोपोल नियमित रूपमा आक्रमणको शिकार भएको थियो।

रुसले प्रहार गरेको क्षेप्यास्त्रबाट ६२ वर्षीय पुरुष र ६५ वर्षीया महिलाको ज्यान लिएको क्षेत्रीय गभर्नर सेर्गी लिसाकले बताउनुभयो।

उहाँले आगो लागेको घर र धेरै क्षतिग्रस्त भवनहरूको फोटो प्रकाशित गर्नु भएको छ।

बिहीबार राति नै रुसले प्रहार गरेका २० वटा ड्रोनमध्ये युक्रेनको वायु रक्षा बलले दक्षिणी ओडेसा क्षेत्रमा १७ वटा नष्ट गरेको थियो।



एउटा ड्रोनले दक्षिणी माइकोलाइभ क्षेत्रको दुई तले भवनलाई क्षतिग्रस्त बनाएको

आपतकालीन सेवाले टेलिग्राममा लेखेको छ, तर त्यहाँ कुनै हताहत भएको रेकर्ड गरिएको छैन।

**श्री सोन्फी दशैं (०-१२) माध्यमिक विद्यालय**
**औरही नगरपालिका-३, श्रीपुर (महोत्तरी)**
**मधेश प्रदेश**

**शिक्षक आवश्यकता**

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.समितिको मिति २०८१/०१/०४ गतेको बैठकको निर्णयतथा औरही नगर कार्यपालिका,औरही,महोत्तरीको च.नं.१७१५ मिति २०८१/०१/१८ को अनुमति पत्र अनुसार प्रचलित शिक्षा ऐन, नियमावली(संसोधन सहित)को परिधिमा रही आस्थायी/करार प्रकृयाद्वारा यस विद्यालयमा शिक्षकको पदपूर्ति गरिने हुँदा २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरुबाट तपशिल अनुसारको दरखास्त आह्वान गरिएको छ।

**तपशिल**

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा | विषय | आवश्यक पद संख्या | तलव स्केल | दरखास्त दस्तुर | सम्पर्क मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०५/०८०/०८१ | उ.मा.शि.(हालको मा.शि. ,द्वितीय) | अस्थायीरकरार (राहत अनुदान) | अंग्रेजी | १ (एक) | नेपाल सरकारको प्रचलित नियमानुसार | २००० | |
| २ | ०६/०८०/०८१ | माध्यमिक शिक्षक | | कम्प्युटर विज्ञान | १(एक) | मासिक रु.३२००० | १००० | |

**आवश्यक न्युनतम शैक्षिक योग्यता:**
- उ.मा.शि.को हकमा:- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह (कम्तिमा द्वितीय श्रेणी) उत्तीर्ण गरेको हुनुपर्ने,
कम्प्युटर विज्ञान शिक्षकको हकमा:- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने

**संलग्न गर्नुपर्ने कागजातहरु:**
- नेपाली नागरिकता प्रमाण(पत्रको प्रतिलिपि -२ थान,
- शैक्षिक योग्यताको प्रमाण(पत्रको प्रतिलिपि -२/२ थान,
अध्यापन अनुमति पत्रको प्रतिलिपि -२ थान (कम्प्युटर शिक्षकको हकमा अनिवार्य छैन)
- विदेशी शिक्षण संस्थाबाट प्रमाण-पत्र पाएको उम्मेदवारको हकमा समकक्षता प्रमाण-पत्रको प्रतिलिपि-२ थान

**दरखास्त दिने अन्तिम मिति**: २०८१/०१/२३ देखि २०८१/०२/०९ सम्म,विहान १० बजेदेखि ४ बजे सम्म
**दोब्बर दस्तुरको मिति**:- २०८१/०१/१० देखि २०८१/०२/१६ सम्म,विहान १० बजेदेखि ४ बजे सम्म
**दरखास्त बुझाउने स्थान**: श्री सोन्फी दशैं मा।वि।श्रीपुर,औरही(३,महोत्तरीको कार्यालय
note: विद्यालयको इमेल ठेगाना sonphidashainschool@gmail.com मा चाहिने कागजातहरु तथा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड औरही महोत्तरीको चलती खाता नं.०६६०१०००००१३३२०१ मा बुझाएको परीक्षा दस्तुरको सक्कल भउचर scan गरी upload गरेर समेत दरखास्त दिन सकिनेछ
**परीक्षा हुने मिति र स्थान**: सम्पर्क मितिमा तोकिने छ ,
**परीक्षाको किसिम**: लिखित,अन्तर्वार्ता र आवश्यक परेमा कक्षा अवलोकन ,
**परीक्षाको पाठ्यक्रम**: शिक्षक सेवा आयोगले तोके बमोजिम

**सम्पर्क**
प्रधानाध्यापक:- ज्ञानेन्द्र यादव ९८४४०३०१८५
लेखापाल:- राघव प्रसाद यादव ९८०७८३२१७२

# बजेट थप नहुँदा ५७४ टुक्रे योजना अलपत्र

सुर्खेत । चालु आर्थिक वर्षमा बजेट पाँच सय ७४ वटा टुक्रे योजना अलपत्र परेका छन् । बजेट थप गरेर कार्यान्वयन गर्ने भनिए पनि बजेट थप नहुँदा ती योजना अलपत्र परेका हुन् ।



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भन्नुभयो, "पूर्वसहमतिअनुसार टुक्रे योजना कार्यान्वयन नगर्ने भन्ने भएकाले स्वतः कार्यान्वयन नहुने भइहाल्यो । आर्थिक वर्षको अन्तिममा आएर कसरी सम्भव होला ?" गत पुस २९ गतेको मन्त्रिपरिषद् बैठकले प्रमुख प्रतिपक्ष दलसँग गरिएको सहमतिअनुसार बजेट थप गरेर ती योजना कार्यान्वयन गर्ने निर्णय भएको थियो ।

चालु आव सकिन दुई महिनामात्र बाँकी रहेको अवस्थामा ती योजना के गर्ने भन्नेमा टुङ्गो नलाग्दा कार्यान्वयन नभएरै खेर जाने सम्भावना बढेको आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार विसं २०७९ असारमा तत्कालीन प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग सरकारले प्रदेश सरकारबाट रु १५ लाखभन्दा कम बजेट विनियोजन भएका योजना कार्यान्वयन नगर्ने राजनीतिक सहमति गरेको थियो ।

"भौतिक पूर्वाधारतर्फ सडक र भवन निर्माण योजनाको हकमा रु ३० लाखभन्दा कम रकम विनियोजन भएका योजना कार्यान्वयन नगर्ने सहमति भयो । सुरुमा ती योजनाका विषयमा कुनै ठोस कदम चालिएको थिएन", मन्त्री केसीले भन्नुभयो, "पछि आलोचना बढ्न थालेपछि सदनमा सहमति भएअनुरुप रु १५ लाख मुनिकालाई रु १५ लाख र सडक, भवनतर्फका रु ३० लाख मुनिकालाई रु ३० लाख रकम पुर्याएर कार्यान्वयन गर्ने निर्णय गरे पनि हाल ती योजना कार्यान्वयन हुनसकेका छैनन् ।"

उहाँका अनुसार जलस्रोत तथा ऊर्जा मन्त्रालयसँग रु १५ लाखमुनिका चार सय ८२ आयोजना छन् । अहिले सबै आयोजनामा रु १० लाखमात्रै रकम छ । मन्त्रालयका अनुसार सिँचाइतर्फ दुई सय ११, खानेपानीतर्फ एक सय ६२ र नदी नियन्त्रणतर्फ एक सय नौवटा योजना छन् । ती सबै योजनालाई रु १५ लाख रकम पुर्याई कार्यान्वयनमा लैजान थप रु २४ करोड १० लाख बजेट आवश्यक पर्दछ ।

मन्त्रालयसँग सोअनुसारको बजेट नभएकाले कार्यान्वयनमा समस्या भइरहेको योजना महाशाखाका प्रमुख गोपाल शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा मात्रै उक्त प्रकृतिका रु १६ करोड बराबरका करिब ९२ वटा योजना छन् ।

गत चैत २७ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभएका एमाले संसदीय दलका नेता कँडेलले सबैको चासोका विषय बनेका ती योजनाको विषयमा कुनै निर्णय नभए पनि पूर्वसहमतिअनुसार हुने बताएपछि योजना कार्यान्वयनमा नजाने पक्का भएको जलस्रोत तथा ऊर्जा विकासमन्त्री रणसिंह परियारले जानकारी दिनुभयो ।


मुख्यमन्त्रीले टुक्रे योजना तत्काल कार्यान्वयन नगर्ने निर्देशन दिएपछि ती योजना अलपत्र परेका उहाँले बताउनुभयो ।

चालु आव सकिन लागेकाले ती योजना अब कार्यान्वयन हुने सम्भावना न्यून रहेको मन्त्री परियारले बताउनुभयो ।

भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले रकम अभावका कारण तत्काल ती योजना कार्यान्वयन गर्न नसकिने बताउनुभयो ।रासस

# कालिजले बजार नपाउँदा व्यवसायी मारमा

अत्तरिया । कालिजले बजार नपाउँदा व्यवसायी मारमा पर्न थालेका छन् । बजार अभावले कालिज बिक्री हुन छाडेपछि व्यवसायी मारमा पर्न थालेका हुन् ।



कैलालीको गोदावरी नगरपालिका-४ मुरिभावरमा विगत चार वर्षदेखि व्यासायिक रूपमा कालिजपालन गर्दै आउनुभएका नारायणसिंह कठायतले बजार अभावका कारण कालिज बेच्न समस्या हुन थालेको गुनासो गर्नुभयो ।उहाँले भन्नुभयो, "रोजगारीको अवसर नुहँदा कालिजपालन व्यवसायमा लागियो । अब कालिज बिक्री नै हुन छाडे । कालिजले वर्षभरिमा खाएको चारोको पैसासमेत असुल गर्न समस्या हुन थालेको छ ।"

गोदावरी वाइड लाइफ एग्रो प्रालि नामक फार्म दर्ता गरेर व्यावसायिक रूपमा कालिजपालनमा लाग्नुभएका कठायतले पोखराबाट एक हजार पाँच सय चल्ला ल्याएर सुरु गरेको बताउनुभयो । "सुरुमा पोखराबाट एकदिने चल्ला ल्याएर व्यवसाय सुरु गरेको हुँ । चल्लालाई रु १५ लाख परेको थियो । लगानी धेरै भइसक्यो । बिक्री फाट्टफुट्ट मात्रै हुन्छ", उहाँले भन्नुभयो ।कालिज महँगो हुनुका साथै सानो बजार हुँदा बिक्रीमा समस्या हुन थालेको कठायतले बताउनुभयो । "बजार पनि सानो भयो । वर्षमा मुस्किलले चारदेखि पाँच सय वटासम्म बिक्री हुन्छ", उहाँले भन्नुभयो, । उहाँका अनुसार अहिले फार्ममा आठ सय कालिज छन् ।

एक वर्ष नपुग्दासम्म कालिज खानयोग्य नहुने भन्दै पोथीलाई रु एक हजार पाँच सय र भालेलाई रु दुई हजारमा बिक्री गर्ने गरेको कठायतले जानकारी दिनुभयो । "अहिले लगानीमात्रै बढिरहेका छ । चार हजार कालिज पाल्न मिल्ने फार्म बनाएको छु ।

फार्ममा चल्ला उत्पादनसमेत हुन्छन्", उहाँले भन्नुभयो, "चल्ला पनि खासै बिक्री हुँदैनन् । वर्षमा दुई-तीन सय जति चल्ला बिक्री हुन्छन् ।"

अहिले फार्ममा स्थानीय जातका कुखुरासमेत पालन गर्न सुरु गरेको कठायतले बताउनुभयो । उहाँले भन्नुभयो, "फार्ममा धेरै कालिज पाल्न नसकिने अवस्था भयो । विगत तीन महिनादेखि चार सय स्थानीय जातका कुखुरापालन सुरु गरेको छु ।" व्यवसाय छाड्न पनि नसकिने काम गर्न पनि नसकिने अवस्था भएको उहाँको भनाइ छ ।

बजारमा कालिज खपत घटेसँगै व्यवसायीले व्यवसाय बढाउन नसकिरहेको जिल्लास्थित भेटेरनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख डा हेमराज अवस्थीले बताउनुभयो । उहाँले भन्नुभयो, "जिल्लामा साना तथा ठूला गरी करिब २५ वटा कालिज फार्म सञ्चालनमा छन् । बिक्री कम हुने भएपछि धेरैजसो फार्मले माउ हुर्काउने, थप्ने गर्नुभएको छैन । खासमा बजारको समस्याले व्यावसायी मारमा परेका छन् ।"रासस

# पूर्व सुरक्षाकर्मी डाँगीको गाईपालन

दाङ । तुलसीपुर उपमहानगरपालिका -६ गोलौराका ४७ वर्षीय चन्द्रबहादुर डाँगीले व्यावसायिकरुपमा उन्नत जातका गाईपालन गर्नुभएको छ। उहाँ एक सफल गाईपालकका रुपमा चिनिनुभएको छ । उहाँले व्यावसायिकरुपमा उन्नत जातका गाईपालन गरेर आत्मनिर्भर बन्नुभएको छ भने आर्थिकरुपमा सक्षम बन्दै जानुभएको छ ।

विगत नौ वर्षदेखि सो पेसा अङ्गालेका डाँगीलाई अहिले घरपरिवारका तीन जना सदस्यले पनि दिनभर सहयोग गरिरहनुभएको छ । डाँगी आजभोलि गाईका बाच्छाबाच्छीलाई स्याहार गर्ने कार्यमा निकै व्यस्त देखिनुहुन्छ । उहाँ भन्नुहुन्छ, "सबै खर्च कटाएर वार्षिकरुपमा रु छ लाख बचत गर्न सफल भएको छु ।"

नेपाल प्रहरीमा विभिन्न पदमा कार्यरत रहेका डाँगी विसं २०५५ मा जाजरकोटको रक्दा इलाका प्रहरी कार्यालयमा प्रहरी सहायक निरीक्षक पदमा कार्यरत हुनुन्थ्यो । त्यस समयमा उहाँ तत्कालीन द्वन्द्वको समयमा नेकपा (माओवादी)ले रक्दामा थापेको एम्बुसमा परी घाइते हुनुभएको थियो । घाइते भएपछि लामो समयको उपचारपछि बाँचेको बताउने डाँगीले तत्कालीन सरकारले द्वन्द्वमा परी अशक्त, घाइते भएका सुरक्षाकर्मीलाई सेवाबाट अवकाश दिने नीति ल्याएपछि आफू विसं २०५९ मा सेवानिवृत्त भएको बताउनुभयो ।

सोलगत्तै उहाँ रोल्पास्थित आफ्नो घरमा केही समयसम्म उपचार तथा आराम गरी बस्नु भएको र त्यसपछि बसाइँ सरेर दाङको तुलसीपुरमा आउनुभएको हो । डाँगीले आफ्नो स्वास्थ्यमा सुधार आएपछि तुलसीपुरमा होटल सञ्चालन पनि गर्नुभयो । घाटा भएपछि होटल व्यवसाय छोडी एक सहकारी संस्थामा जागिर खान सुरु गर्नुभयो ।

सोही सहकारीमा बचत तथा ऋण प्रवाहमा काम गर्दा कृषि क्षेत्रमा राम्रो सम्भावना रहेको जानकारी प्राप्त भएपछि आफूले विसं २०७२ देखि सहारा पशुपालन फर्म खोलेर उन्नत जातको गाईपालन सुरुआत गरेको उहाँले बताउनुभयो । सुरुका वर्षमा स्थानीय व्यक्तिको दुई बिघा जमिन वार्षिक रु १२ हजार भाडामा लिई रु एक लाख लगानी गरेर एउटा जर्सी गाईपालन गरेर सुरुआत गरेको बताउने डाँगीकहाँ अहिले चार वटा जर्सी, १० वटा होलेस्टन, एउटा शाहीवाल जातका गरी जम्मा १७ वटा गाई र १० वटा बाच्छाबाच्छी गरी जम्मामा ३७ वटा रहेका छन् ।

एउटा जर्सी गाईको मूल्य रु एक लाख, होलेस्टन जातको गाईको मूल्य रु दुई लाख र साहीवाल जातको गाईको मुल्य रु. एक लाख ५० हजार पर्ने डाँगी बताउनुहुन्छ । अहिले उहाँले दैनिक एकसयदेखि एक सय ५० लिटरसम्म दुध स्थानीय तुलसीपुरका डेरी उद्योगमा बिक्री गर्नुहुन्छ । केही दुध आफ्नै फर्मबाट स्थानीवासीले खरिद गरी लिनेगरेको उहाँले बताउनुभयो । दाङमा दुधको मुल्य खुद्रामा रु एक सय प्रतिलिटर र दहीको रु ११० रहेको छ ।फर्ममा दुध खरिद गर्न आएकी तुलसीपुर उमहानगरपालिका वडा १० निवासी ४५ वर्षीय सुनी चौधरी आफ्नै घर आँगनमा शुद्ध दुध खान पाइने भएकोले किन्न आएको बताउनुहुन्छ । उहाँले भन्नुभयो "यसअघि एक लिटर दुध किन्न तुलसीपुर बजार जानुपर्ने वाध्यता थियो तर अहिले घर छेउमा ताजा दुध पाउँदा खुसी लागेको छ "।

डाँगीको फर्ममा अहिले सम्म रु. २५ लाख सम्म लगानी भइसकेको छ । दुग्धजन्य पदार्थ र मूल बिक्रीबाट वार्षिक रु. १९ देखि २० लाखसम्म आम्दानी हुने गरेको र सबै खर्च कटाएर रु आठ लाख बचत हुने गरेको डाँगीले बताउनुभयो । आफुले दुई बिघा जमिन गाइपालनको लागि भाडामा लिए पनि सिँचाइ अभावका कारण घाँसखेती गर्न नसक्दा समस्या हुने गरेको छ । घाँसको पर्याप्त उत्पादन नहुँदा दाना तथा पराल, चरणलगायत अन्य सामग्री खरिद गर्दा लागत खर्च बढेको पनि डाँगीले बताउनुभयो ।

"अहिलेसम्म सरकारी निकायबाट केही प्राविधिक सहयोग त पाएको छु तर अरु आर्थिक सहयोग कुनै निकायबाट पाएको छैन", डाँगीले भन्नुभयो, उहाँले थप्नुभयो, "चार वर्षअघि तुलसीपुर उपमहानगरपालिकाले उत्कृष्ट गाईपालक किसान भनेर पुरस्कृत गऱ्यो, त्यसबाट थप हौसला मिलेको छ" । त्यस्तै कोरोनाका कारण गरिएको बन्दाबन्दीको समयमा आफूले उत्पादन गरेको दूध बजारमा बिक्री नहुँदा केही समस्या भए पनि अहिले भने बजारको कुनै समस्या नभएको डाँगीले बताउनुभयो ।

छोटो समयमा कम लगानी गरेर मनग्य आम्दानी गर्न सकिने भएकाले फर्ममा विभिन्न ठाउँबाट गाई हेर्न, जानकारी लिन तथा गाई खरिदका लागि मानिस आउने गरेको उहाँले सुनाउनुभयो । पढेलेखेकाहरु पैसा कमाउनकै लागि जागिर खानैपर्छ भन्ने

सोच राख्नु गल्ती हुने भनाइ राख्ने डाँगीले साँच्चिकै पढेको कुरा व्यवहारमा लागू गर्ने हो भने कृषि व्यवसाय गर्नुपर्ने उहाँको भनाइ छ । तर त्यसका लागि राज्यले नारामा मात्र सीमित नभई व्यावहारिकरुपमै कृषि क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउन, उत्पादित सामग्रीलाई उचित बजार व्यवस्थापनमा सहयोग गर्न उहाँले सुझाव दिनुभएको छ । रासस

# बागमती प्रदेश सरकारद्वारा ३८ दशमलव ९२ प्रतिशत बजेट खर्च

बागमती । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्म कूल विनियोजित बजेटको ३८ दशमलव ९२ प्रतिशत बजेटमात्र खर्च गरेको छ ।





चालु आर्थिक वर्षको १० महिना सकिनै लाग्दा प्रदेश सरकारका मन्त्रालयको बजेट खर्च न्यून देखिएको हो । प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडामकवानपुरका अनुसार प्रदेश सरकारको विभिन्न मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि हालसम्म कूल विनियोजित बजेटको ३८ दशमलव ९२ प्रतिशत अर्थात् रु २४ अर्ब ४० करोड ७८ लाख मात्र खर्च गरेको छ ।

सो अवधिमा प्रदेश सरकारको मन्त्रालयहरुले चालुतर्फ रु ११ अर्ब ४१ करोड ५२ लाख तथा पुँजीगततर्फ रु १२ अर्ब ९९ करोड २५ लाख बजेट खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायले जानकारी दिनुभयो ।

उहाँका अनुसार सबैभन्दा बढी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले रु आठ अर्ब ६९ करोड ८९ लाख बजेट खर्च गरेको छ । यस्तै खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले रु दुई अर्ब ८६ करोड, स्वास्थ्य मन्त्रालयले रु एक अर्ब ८६ करोड, सामाजिक विकास मन्त्रालयले रु एक अर्ब ६९ करोड, वन तथा वातावरण मन्त्रालयले रु एक अर्ब २३ करोड २९ लाख, कृषि तथा पशुपक्षी मन्त्रालयले रु ८१ करोड नौ लाख, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले रु ६३ करोड ३६ लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले रु १९ करोड ६५ लाख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रु १७ करोड ४८ लाख र आर्थिक मामिला तथा योजना मन्त्रालयले रु नौ करोड ५४ लाख खर्च गरेको प्रमुख लेखा नियन्त्रक उपाध्यायले बताउनुभयो ।

त्यस्तै प्रदेशसभा सचिवालयले रु १४ करोड ५६ लाख बजेट खर्चको प्रदेश कोष तथा लेखा निन्त्रणक कार्यालयले जनाएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि चालुतर्फ रु २६ अर्ब ४२ करोड १२ लाख, पुँजीगततर्फ रु ३५ अर्ब ७८ करोड ७८ लाख र वित्तिय व्यवस्थापनतर्फ रु ५० करोड गरी रु ६२ अर्ब ७० करोड ९० लाख बजेट विनियोजन गरेको थियो ।रासस

# उद्योगग्राममार्फत प्राङ्गारिक मल उत्पादन



गलकोट । जिल्लाका १० पालिकामध्ये उद्योगग्राम स्थापनामा काठेखोला अघि छ । 'एक पालिका एक उद्योगग्राम' सञ्चालन गर्ने सरकारको योजना रहे पनि बागलुङका केही पालिकाले जग्गासमेत व्यवस्थापन गर्न सकेका छैनन् ।

काठेखोला गाउँपालिकाले उद्योगग्राम सञ्चालन गरी सोहीमार्फत पहिलोपटक प्राङ्गारिक मल उत्पादन गर्न थालेको छ । बागलुङको काठेखोला-७ रेशमा रहेकोऔद्योगिकग्राममाप्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत पहिलोपटक प्राङ्गारिक मल बनाउन थालिएको काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो ।

"प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एक दर्जन युवाले जङ्गलमा खेर गइरहेको पात, पतिङ्गर र झाडी सङ्कलन गरी पराङ्गारिक मल बनाउन थालिएको छ। पहिलो चरणमा दुई हजार पाँच सय केजी मल बनाउन थालेका छौँ । उक्त मललाई रेशको चिया बगानमा प्रयोग गरिने र चियाको उत्पादन बढाउने योजना छ", वडाध्यक्ष लामिछानेले भन्नुभयो ।

जङ्गलको झाडी र पतिङ्गर सङ्कलन गरेर औद्योगिक ग्राममा जम्मा गरी कृषि प्राविधिकको सल्लाहमा प्राङ्गारिक मल बनाउन प्लाष्टिकका ठूला थैलोमा प्याकिङ गरिसकिएको उहाँले बताउनुभयो । उहाँका अनुसार आगमी दुईदेखि तीन महिनाभित्र प्राङ्गारिक मल तयार भइसक्नेछ ।प्राङ्गारिक मल उत्पादनमा रेश वडा कार्यालयले प्राविधिक सहयोग गरेको छ भने जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत परिचालन गरिएको हो ।

आद्यौगिकग्राममा पहिलो उद्योगका रूपमा प्राङ्गारिक मल उद्योग खोल्ने तयारीअनुसार परीक्षणका लागि मल उत्पादन गर्न सुरु गरिएको जनाइएको छ ।

उद्योगग्राममा आवश्यक टहरा निर्माण, सडक पुर्याउने, विद्युतीकरण गर्नेलगायत काम गत वर्ष नै सम्पन्न भइसकेको गाउँपालिका कार्यालयले जनाएको छ ।

गाउँमा खेर गइरहेको पतिङ्गरलाई मल बनाउन सकिने भएपछि आयातित मलको प्रयोग घटाउने र स्थानीयलाई स्वरोजगार बनाउने उद्देश्यले प्राङ्गारिक मल उत्पादन गरी अर्ग्यानिक कृषि उपज बढाउने योजना बनाइएको वडा कार्यालयले जनाएको छ ।

दुई वर्षदेखि काठेखोला-७ स्थित रेशमा औद्योगिक ग्राम निर्माण थालेको गाउँपालिकाले हालसम्म दुई टहरा निर्माण सम्पन्न भइसकेको जनाएको छ । आवश्यक उपकरण सञ्चालनका लागि विद्युतीकरण गरिएको वडाध्यक्ष लामिछानेले जानकारी दिनुभयो । सङ्घीय सरकारको रु तीन करोड लागतमा निर्माण हुन लागेको औद्योगिक ग्रामसम्म सडक र विद्युत् पुर्याइसकिएकाले बनेका संरचनामा प्राङ्गारिक मल उद्योग सञ्चालन गर्न थालिएको उहाँको भनाइ छ ।

काठेखोला गाउँपालिकाले उद्योग ग्रामका लागि रु ५० करोडको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनाएको छ । अहिले निर्माण भइरहेको संरचनामा सञ्चालन गर्न सकिने स-साना उद्योगहरूको योजना पालिकासँग रहेको बताउँदै वडाध्यक्ष लामिछानेले पालिकाको औद्यिगिकग्राम भए पनि वडास्तरीय स-साना उद्योग स्थापना गर्न थालिएको जानकारी दिनुभयो । उहाँले प्राङ्गारिक मल बनाउन थालेको औद्योगिकग्राममा चिया प्रशोधनसमेत गरिने बताउनुभयो ।

वडाध्यक्ष लामिछानेका अनुसार अहिले रेशमा ३० हजार चियाका बिरुवा उत्पादनका लागि हुर्किरहेका छन् भने पाँच हजार चियाका बिरुवाले उत्पादन दिन थालिसकेका छन् । जङ्गल सफाइ हुने र जङ्गलको झाडीले मलसमेत बन्ने भएपछि यहाँका किसानलाई उत्पादनसँग जोड्न थालिएको प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत प्राङ्गारिक मल बनाउन खटिनुभएका स्थानीय भूमिश्वर थापाले बताउनुभयो । उहाँले अस्थायी रूपमा रोजगारी पाएको भन्दै काम सिकेपछि विस्तारै दीर्घकालीन उपलब्धि हासिल गर्न सकिने बताउनुभयो । युवालाई गाउँमै रोजगारी दिनका लागि औद्योगिकग्रामले ठूलो सहयोग मिल्ने उहाँको भनाइ छ ।

तीन करोड बजेटमध्ये हालसम्म रु दुई करोड कार्यान्वयनमा गइसकेको गाउँपालिका कार्यालयले जनाएको छ। औद्योगिकग्राम निर्माणपश्चात यहाँ साना, मझौला र ठूला सबै उद्योग सञ्चालन हुने जनाउँदै उद्योग गर्न चाहने स्थानीयलाई समेत पालिकाले प्रोत्साहन गर्नेछ। पहिलोपटक उद्योगग्राममा उत्पादन हुने दुई हजार पाँच सय केजी प्राङ्गारिक मल रेशका वडावासी किसानलाई सुपथ मूल्यमा प्रदान गरिने छ ।रासस

## लोहारपट्टी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी

## करारमा सेवा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः२०८१/०१/२७

लोहारपट्टी नगरपालिका वडा नं. ३ मा अवस्थित स्वास्थ्य चौकीमा २४ घण्टे बर्थिङ सेन्टर सञ्चालनको लागि स्वीपर र कार्याल सहयोगी पदको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म रावस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा यस नगरपालिकाको आधिकारिक वेवसाइटबाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | पद नाम | संख्या |
|---|---|---|
| २०८०/०८१-०४ | स्वीपर | १ (एक) |
| २०८०/०८१-०५ | कार्यालय सहयोगी | १ (एक) |

**शैक्षिक योग्यता र अनुभव (नमुना)** :
१. नेपाली नागरिक ।
२. साधारण लेखपढ गर्न जानेको ।
३. कार्य अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
६. पारिश्रमिक सम्बन्धी व्यवस्था यस कार्यालयको निर्णय बमोजिम उपलब्ध गराइनेछ ।

**दरखास्तमा संलग्न गर्नुपर्ने**:
उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभावको प्रमाणित प्रतिलिपी र रु. २०० राजश्व तिरेको रसिद ।

प्रमुख प्रशासकीय अधिकृत

# डायलायसिस नहुँदा बिरामीलाई सास्ती



**टुडे समाचारदाता**

जलेश्वर । जलेश्वर नगरपालिका वडा नं. २ बस्ने ४० वर्षीया निलम चौधरीको दुवै मिर्गौलाले काम नगरेका कारण हप्तामा दुई दिन डायलायसिस गराउनुपर्छ । जलेश्वर क्षेत्रमा डायलायसिस नहुँदा चौधरीलाई हरेक हप्ताको दुई दिन जनकपुरधाम जानुपर्ने बाध्यता छ । यसले आर्थिक बोझका साथसाथै हैरानी समेत खेप्नु परिरहेको मिर्गौला पीडित चौधरीका पति विष्णु चौधरीले जानकारी दिइन् ।

उनले तीन वर्षदेखि निरन्तर रूपमा पत्नी निलमलाई जलेश्वरबाट हप्ताको सोमबार र बिहीबार दुई चोटि डायलायसिसका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लानु परिरहेको बताउँदै गाडी भाडा, समय तथा अन्य खर्चले हैरानी बनाएको गुनासो गरिन । उनले पालो लिन तोकिएको दिन बिहानै पुग्नुपर्छ अनि मात्रै पालो पाउने गरेको तथा एकपल्ट कम्तीमा चार घण्टासम्म डायलायसिस हुने गरेकाले समय बढी लाग्ने गरेकाले नजिककै स्वास्थ्य संस्थामा यो सेवा दिन जरुरी रहेको बुझाइ चौधरीको छ ।

प्रादेशिक अस्पताल जलेश्वरमा एक वर्षदेखि डायलायसिस सेवा सुरु हुने भनिएता पनि अहिलेसम्म सुचारु नभएको चौधरीले बताइन् ।

जनकपुरधामको प्रादेशिक अस्पतालमा १८ वटा डायलायसिस मेसिनबाट सेवा प्राप्त भइरहेको छ । चौधरीले बिरामी बढ्दै गए सेवाग्राहीहरूलाई समस्या हुन सक्ने भएकाले मिर्गौला रोगीहरूका लागि अति आवश्यक रहेको हेमोडायलायसिस सेवा जलेश्वरमै सुचारु गर्न सरोकारवाला निकायसँग आग्रह गरिन् ।

यसैगरी, जलेश्वर नगरपालिका वडा नं. २ कै ५० वर्षीय चन्देश्वर पासमान विगत एक वर्षदेखि डायलायसिसका लागि जनकपुरधाम धाइरहेका छन् ।

महोत्तरी जिल्लामा एउटा पनि डायलायसिस मेसिन नहुँदा मिर्गौला बिरामीहरूलाई आर्थिक बोझका साथसाथै हैरानी समेत खेप्नु परिरहेको छ ।

मिर्गौलाले ९० प्रतिशतसम्म काम गर्ने क्षमता गुमाइसकेको अन्तिम अवस्थामा डायलायसिस गर्ने गरिएको चिकित्सकहरू बताउँछन् । नेपाल सरकारले डायलायसिस सेवा निःशुल्क गरेको छ । सुरु सुरुमा एक पटक डायलासिस गरे २५ सयदेखि तीन हजारसम्म तिर्नु परेको बत्ताउँदै विष्णु चौधरीले स्थानीय तह तथा स्वास्थ्य कार्यालयबाट सिफारिस पत्र लिएर जाँदा निःशुल्क गरिएको बताए ।

प्रादेशिक अस्पताल जलेश्वर महोत्तरीमा विगत तिन वर्षदेखि पाँच थान डायलायसिस मेसिन राखिएको छ । जनशक्ति नहुँदा थन्किएको मेसिनका लागि एक वर्ष यतादेखि जनशक्ति र व्यवस्थापन थालिएको प्रादेशिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मिनु झाले बताउछिन् ।

उनले जनशक्ति तथा मेसिन व्यवस्थापनको कार्य गरिएपनि पानीका कारणले सेवा सुचारु हुन नसकेको बताइन् । छ पल्टभन्दा बढी पानी चेकजाँचका लागि काठमाण्डु पठाए पनि पानीमा देखिएको गडबडीले सेवा सुचारुमा समस्या देखिएको बताउँदै अध्यक्ष झाले केही दिन भित्र सेवा सुचारु गर्ने गरी कार्य अगाडि बढिसकेको बताइन् ।

शुद्ध पानीका लागि पुनः अर्को मेसिन लगाएर पानी चेकका लागि पटाउँछौं, त्यहाँबाट पोजेटिभ रेस्पोन्स आयो भने सेवा सुचारु गर्ने गरी गृहकार्य अगाडि बढिसकेको अध्यक्ष झाले बताइन् ।

प्रादेशिक अस्पताल जलेश्वर महोत्तरीका डायलायसिस टेक्निसियन पूजा लाल दासले डायलायजर (कृत्रिम मिर्गौला) एउटा विशेष फिल्टर रहेको र यसमा मेसिनद्वारा बढी भएको तरल पदार्थ र फोहोर पदार्थलाई बाहिर फाल्ने र विशेष झोलको मद्दतले शुद्ध रगत बनाउने कार्य गरी पुनः सो शुद्ध रगतलाई शरीरमा पठाउने कार्य गर्ने गरिएको जानकारी दिए । डायलायसिस गराउने बिरामीले नियमित रूपमा खाना, पानी, औषधी सेवन नगर्ने हो भने थप डायलायसिस गराउनुपर्ने जोखिम हुने र यसले कुपोषण हुने, किड्नी फेल हुने र मृत्यु सम्म गराउने जोखिम हुने भएकोले डायलायसिस गराउने रोगीले नियमित रूपमा औषधी सेवन गर्न आग्रह टेक्निसियन दासले गरे ।

# कोशीका नवनियुक्त मुख्यमन्त्री कार्की र दुई मन्त्रीले लिए शपथ




**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशको पाँचौं मुख्यमन्त्रीको रुपमा हिक्मतकुमार कार्की नियुक्त भएका छन् । प्रदेशको इतिहासमा नवौं पटकको सरकार गठनका क्रममा उनी तेस्रो पटक मुख्यमन्त्रीमा नियुक्त भएका छन् । कार्की यसअघि २०७९ पुस २८ र २०८० भदौ २२ गते गरी दुई पटक मुख्यमन्त्री बनेका थिए ।

पहिलो पटक उनी एमाले-माओवादी गठबन्धनबाट मुख्यमन्त्री बनेका थिए । दोस्रो पटक भने संविधानको धारा १६८ (२) अनुसार सरकार बन्न नसक्दा सर्वोच्च अदालतको परमादेशबाट उपधारा (३) अनुसार ठुलो संसदीय दलको नेताको हैसियतमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

केन्द्रीय सत्ता राजनीतिमा गठबन्धन अदल-बदल भएसँगै यसपटक पुनः कार्की मुख्यमन्त्रीमा नियुक्त भएका छन् । प्रदेश प्रमुख पर्शुराम खापुङले बुधबार नयाँ सरकार गठनको आह्वान गरेअनुसार बिहीबार दिउँसो कार्कीलाई संविधानको धारा १६८ को उपधारा (५) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका छन् । कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री हिक्मत कार्कीले शपथ लिएका छन्।

बिहीबार मुख्यमन्त्री कार्कीले प्रदेश प्रमुख परशुराम खापुङ्गबाट शपथ लिएका छन् । कार्कीले सानो आकारको मन्त्रिपरिषद पनि गठन गरेका छन् ।

नेकपा (एमाले) का उपनेता समेत रहेका रामबहादुर राना र नेकपा (माओवादी केन्द्र) का गणेश उप्रेती 'सुशील' मन्त्री भएका छन् ।

उनीहरू दुवैले शपथ ग्रहण गरेका छन्। उनीहरू बिनाविभागीय मन्त्री नियुक्त भएका थिए । बुधबार प्रदेश प्रमुख खापुङ्गले सरकार गठन गर्न आह्वान गरेका थिए । बिहीबार एमालेका संसदीय दलका नेता कार्कीले ५२ सांसदको हस्ताक्षरसहित मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए ।

प्रदेश सांसदहरूलाई प्रदेश प्रमुख कार्यालय बोलाएर सनाखत गरिएको थियो । साथै निवर्तमान मुख्यमन्त्री केदार कार्की भने नवनियुक्त मुख्यमन्त्री हिक्मत कार्कीलाई कुनै काम कारबाही अघि बढाउन नदिन मागसहित सर्वोच्च अदालत पुगेका छन् । उनले अन्तरिम आदेशको माग गर्दै रिट दिएका छन् । उनले प्रदेश प्रमुखले असंवैधानिक रूपमा सरकार गठनको आह्वान गरेको भन्दै आफैँलाई नै यथावत रूपमा काम गर्न परमादेश दिन माग गरेका छन् ।

## परमादेश माग गर्दै केदार कार्कीले दिए सर्वोच्चमा रिट



**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका निवर्तमान मुख्यमन्त्री केदार कार्कीले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।

बिहीबार दिउँसो मुख्यमन्त्री कार्कीको तर्फबाट अधिवक्ता सुप्रेक्षा जोशीले रिट दायर गरेकी छन् । नवनियुक्त मुख्यमन्त्री हिक्मत कार्कीलाई मुख्यमन्त्रीको जिम्मेवारीमा कुनै पनि कामकारबाही नगर्न नगराउन र आफूलाई यथावत् रूपमा मुख्यमन्त्रीको जिम्मेवारी वहन गराउन केदार कार्कीले माग गरेका छन् ।

संविधानको धारा १३३ (२) र (३) बमोजिम उत्प्रेषण, परमादेश लगायत माग गर्दै रिट हालेकी छन् । कोशी प्रदेश प्रमुख कार्यालय, प्रदेश प्रमुख परशुराम खापुङ्ग, सभामुख अम्बरबहादुर विष्ट, संकल्प प्रस्तावका प्रस्तावक रेवतीरमण भण्डारी, समर्थकहरू गणेशप्रसाद उप्रेती, किशोरचन्द्र दुलाल र नेकपा एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई विपक्षी बनाइएको छ ।

प्रदेश प्रमुख खापुङले नयाँ सरकार गठनका लागि आह्वान गरेका थिए । उनले नयाँ सरकार गठनका लागि आह्वान गरेसँगै केदार कार्की काठमाण्डु पुगेका छन् ।

उनले नयाँ सरकार गठन असंवैधानिक भएको दाबी गरेका छन् । 'मुख्यमन्त्री पदमुक्त भएको भन्ने सम्मको व्यहोरा समेत उल्लेख गर्न नसकी तथा संविधानको कुनै खास व्यवस्था पनि उल्लेख नगरी आत्मगत ढंगबाट 'संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको' भन्ने आधारहीन र संविधानले परिकल्पना पनि नगरेको विषयलाई कपटपूर्ण तवरबाट उल्लेख गरी नयाँ मुख्यमन्त्रीको नियुक्तीको निमित्त दाबी पेश गर्न भएको आह्वान र उक्त आव्हान बमोजिम भएको भनिएको नियुक्ति प्रथम दृष्टीमै गैर-संवैधानिक छ,' रिटमा उल्लेख छ ।

# करेन्ट लागेर मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा खेतमा लगाइएको विद्युतिय तारमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

जिल्लाको बटेश्वर गाउँपालिका- २ स्थित धुमासनका २३ वर्षीय अमरेश कुमार महतोको मृत्यु भएको छ ।

बाली संरक्षण गर्न खेतमा लगाएको विद्युतीय बारमा करेन्ट लागेर महतोको मृत्यु भएको जिल्ला प्रहरी कार्याल्यु धनुषाले जनाएको छ ।

# बैंकका सुरक्षागार्ड मृत अवस्थामा फेला




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सप्तकोशी नगरपालिका १ फत्तेपुर स्थित नेपाल बैंक लिमिटेडका सुरक्षागार्ड परशुराम फुयाल विहीवार बैंक भित्रै मृत अवस्थामा फेला परेका छन् ।

सप्तकोशी नगरपालिका २ निवासी ५६ वर्षीय फुयाल विहान ७ बजे तिर बैंक परिसरमा रहेको क्वाटर भित्रै मृत अवस्थामा फेला परेका छन । नेपाली सेनाबाट सेवानिवृत भएपछि उनी विगत ७ वर्ष देखि उक्त बैंकमा सुरक्षागार्डको रुपमा कार्यरत थिए ।

सुरुमा उच्चरक्तचापका विरामी फुयालको सोही कारणले मृत्यु भएको हुन सक्ने आशंका गरिए पनि घट्नास्थलको प्रकृति तथा सीसीटीभी फुटेज चेक गर्दा हत्या भएको संकेत गरेको प्रहरीको भनाई छ । यद्यपी यसबारे अनुसन्धान भईरहेकोले सत्य तथ्य सार्वजनिक गर्न केही समय लाग्ने इलाका प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी महेन्द्र नेपालले बताए ।

> शुरुमा समान्य मृत्यु भएको जस्तो देखिए पनि सिसिटिभी फूटेज हेर्दा हत्या भएको देखिएको छ ।

एकातिर शवको वरिपरी रगतका टाटा देखिएका छन भने अर्को तिर बैंकमा रहेको सीसीटीभी फुटेज चेक गर्दा मध्यराती तिर एक जना नकावधारी ब्यक्ती बैंक भित्र ओहोर दोहोर गरेको देखिन्छ, डिएसपी नेपालले भने "त्यसैले हत्याको आशंका गरिएको छ ।"

उनले फुयालको शव पोस्टमार्टमका लागी धरान स्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको र पोस्टमार्टम रिर्पोट आएपछि यकिनका साथ भन्न सकिने बताए । मृतक फुयालका श्रीमती, २ छोरा र २ छोरी छन् । बिहान कोठा नखुलेपछि शंका लागेर ढोका खोलेर हेर्दा सुरक्षागार्ड फुयाल मृत अवस्थामा भेटिएको बैंकका कर्मचारीहरुले बताए । बैंकको रकम लुट्ने उद्देश्यले नकाबधारी प्रवेश गरेको हुन सक्ने तथा प्रतिकार गर्दा गार्ड मारिएको हुन सक्ने समेत अनुमान गरिएको छ । यद्यपी अनुसन्धान सकिएपछि मात्र यर्थात भन्न मिल्ने प्रहरी अधिकारीहरुको भनाई छ ।

सीसीटिभी फुटेजमा देखिएका ब्यक्ती बैंक लुट्ने प्रयोजनका लागी नकाब लगाएर चोर बाटोबाट मध्यराती तिर प्रवेश गरेको अनुमान गरिएको छ, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले भने-'यद्यपि बैंक भित्र रहेका सबै सम्पती सुरक्षित रहेको पाएका छौं ।'

विहीवार नै घट्ना स्थलमा कोशी प्रदेश प्रहरी कार्यालयबाट डग स्क्वाड (तालिम प्राप्त कुकुर) ल्याइ प्रयोग गरिको छ । डग स्क्वाडले पनि केही संकेत गरेको छ , उनले भने-त्यसको पनि अध्यन गर्दै सीसीटिभी फुटेजमा देखिको नकाबधारी ब्यक्तीको खोजी कार्य तिब्र बनाएका छौं ।

घट्नाको अनुसन्धान गर्न सप्तरीका प्रहरी प्रमुख गजुसिद्धी बज्राचार्यको नेतृत्वमा एक टोली पुगी सुक्ष्म अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । प्रहरी उपरीक्षक बज्राचार्यले भने -'घट्नाको सुक्ष्म अनुसन्धान थालेका छौ, छिट्टै परिणाम निस्किने अपेक्षा गरेका छौं ।

यता, मधेश प्रदेशमा बैंकिङ्ग असुरक्षा दिनप्रतिदिन बढ्दै गएको छ । गत मंगलबार धनुषाको जनकपुरधाम उप-महानगरपालिका-१९ जनमुनिया स्थित एक सहकारीको ८० लाख रुपैयाँ लुटिएको थियो । त्यस्तै केही दन पूर्व मात्रै वीरगञ्ज स्थित नवील बैंकको मेन ढोकाको ताल्चा फुटाइ ट्रङ्कमा राखिएको रकम लुटिएको थियो । यस्ता यस्ता घटना भई रहँदा मुलुकमा बैंकिङ्ग सुरक्षा समेत बढाउनुपर्ने देखिन्छ । मुलुकमा आर्थिक मन्दी र यसले चोरी डकैतीका घटना थप बढन् सक्ने जानकारहरु बताउँछन् ।

# काज सरुवा गरेको शिक्षकलाई तत्काल फिर्ता गर्न माग



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको एक सामुदायिक विद्यालयका शिक्षकलाई स्थानीय तहले काजमा खटाएको भन्दै राजनीतिक दलले विरोध जनाएको छ । जनकपुरधामको सकल भवन कन्या माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई पालिकामा काजमा खटाएको भन्दै नेकपा एमाले जनकपुरधाम नगर कमिटीले आपत्ति जनाएको छ । शिक्षा नीति विपरित विद्यालयको शैक्षिक तथा भौतिक विकासमा अह्म भूमिका निर्वाह गर्दै आइरहेका प्रधानाध्यापक मोदनारायण राउतलाई पालिकामै काजमा खटाएकोमा विरोध गरेको एमाले नगर कमिटीले जनाएको छ ।

नगरप्रमुख मनोजकुमार साहलाई ज्ञापन पत्र बुझाउँदै शिक्षा समितिले गरेको अन्यायपूर्ण निर्णयलाई तत्काल सच्याउन माग गर्दै प्रधानाध्यापक राउतलाई पुनः सोही विद्यालयमा यथास्थानमा राख्न एमालेले माग गरेको छ ।

शिक्षकलाई पालिकामा काजमा तान्नु शिक्षा नीति विपरित कार्य रहेकाले तत्काल काज फिर्ता गर्न माग गरेको नगर सचिव राजु साहले जनाए । उनले शिक्षा नीति अवलम्बन गर्नसमेत माग गरेको बताए ।

# अग्निपीडितका लागि ट्युबवेल प्रदान



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको चिम्टीका अग्निपीडितहरूलाई स्वच्छ खानेपानी सहज रूपमा उपलब्ध गराउने उद्देश्यले नेपाली कांग्रेस सप्तरीले आधा दर्जन ट्यूबवेल (चापाकल) प्रदान गरेको छ ।

खानेपानीका लागि जडान गरिएको चापाकल आगलागीमा जलेर नष्ट भएका कारण खानेपानी सहज रूपमा उपलब्ध होस् भनेर कांग्रेसले चापाकल प्रदान गरेको छ । कांग्रेस सप्तरी सभापति रामदेव साहले बिहीबार अग्निपीडितहरूलाई छ थान ट्यूबवेल, पाइप र त्यसको जडानमा लाग्ने खर्चसहित वडाध्यक्ष जयश्वरकिशोर दासलाई हस्तान्तरण गरेका गरेका छन् ।

आगलागीमा चापाकल जलेर नष्ट हुँदा खानेपानीको समस्या टडकारो देखिएपछि अग्निपीडितहरूको लागि ट्यूबवेल वितरण गरिएको सभापति साहले बताए । उनले अग्निपीडितहरूलाई खाद्यान्नसहितका सामग्री विभिन्न सरकारी तथा गैरसकारी निकायबाट उपलब्ध हुँदै आएको अवस्थामा कांग्रेसले खानेपानीको आवश्यकतालाई पूरा गर्न जडान खर्च सहित ट्यूबवेल उपलब्ध गराएको जानकारी दिए ।

यसैगरी बिहीबारनै नेपाल विद्यार्थी संघ सप्तरीले अग्निपीडित ६६ परिवारजनलाई राहत स्वरूप खाद्यान्न सामग्री उपलब्ध गराएको छ । चामल, दाल, खानेतेल, चिउरा, नुन लगायतका खाद्यान्न सामग्री उपलब्ध गराइएको नेविसंघ सप्तरीका सभापति राकेश ठाकुरले जानकारी दिए ।

वैशाख १८ मा महदेवा गाउँपालिका वाड नं. १ चिम्टीमा भीषण आगलागी हुँदा ६६ परिवारका एक सयभन्दा बढी घर जलेर खरानी भएको थियो । अहिले अग्निपीडितहरूलाई बसोबासको समस्या रहेको वडाध्यक्ष दासले बताए । 'खाद्यान्नलगायतका सामग्रीको अभाव छैन, तर यहाँका पीडितहरूलाई बसोबासको मुख्य समस्या छ ।' उनले भने ।

प्रतिपरिवारलाई कम्तीमा पनि पाँच जनासम्म बस्न सकिने ठोस घरको सबैभन्दा बढी खाँचो रहेकाले सहयोगी निकायहरूलाई त्यतातिर ध्यान दिन वडाध्यक्ष दासले आग्रह गरे ।

राहत वितरण कार्यक्रममा कांग्रेस सप्तरी उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल, युवा नेता ईरसाद अन्सारी, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनाराण साह, तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, कृष्णासवरण गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरीलगायतका उपस्थिति थियो ।

# जुवातास खेलिरहेका दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला नगरपालिका-११ बाहुनमारा बस्ने दिनेश थापाको घरमा जुवातास खेलिरहेको अवस्थामा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा महोत्तरी बर्दिबास नगरपालिका-५ बस्ने ५९ वर्षीय अर्जुन गोले र सर्लाही हरिवन नगरपालिका-५ बस्ने ५६ वर्षीय सुकमान पाखिन रहेका छन् ।

प्रहरी चौकी लालगढबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख १८ हजार रुपैयाँसहित पक्राउ गरेको छ । प्रहरीले हाल फरार अन्य व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८